


निरन्तर यहाँहरूको सहकार्यमा...

## २० औं

# वार्षिक प्रतिवेदन २०७६/०७७

## बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.

**Bauddha Grameen Multipurpose Co-operative Ltd.**

**केन्द्रीय कार्यालय:** बिरेन्द्रनगर-९, लाटिकोइली, सुर्खेत, नेपाल

# संचालक तथा लेखा समितिका पदाधिकारीहरु

## संचालक समिति



**स्व. पञ्च सिं रोकाया**
स्व. अध्यक्ष



**सिंह बहादुर गुरुङ**
का.वा. अध्यक्ष



**पासाङ महतारा**
सचिव



**जवान सिं बुढा**
कोषाध्यक्ष



**पार्वती गुरुङ**
सदस्य



**पदमा महतारा**
सदस्य



**लक्ष्मी गुरुङ**
सदस्य

## लेखा समिति



**अंक बहादुर गुरुङ**
संयोजक



**पुरन शाही**
सदस्य



**चक्र बहादुर गुरुङ**
सदस्य

# संस्थाका मुख्य पदाधिकारीहरु



**बिशाल के.सी.**
प्रमुख कार्यकारी अधिकृत



**अशोक चौधरी**
मुख्य प्रबन्धक
(केन्द्रीय कार्यालय)



**धनबहादुर शाही**
मुख्य प्रबन्धक
(ईलाका कार्यालय कर्णाली)



**डम्बर विश्वकर्मा**
मुख्य प्रबन्धक
(ईलाका कार्यालय भेरी)

# हार्दिक समवेदना



**जन्म :**
वि.सं. २०२७/०२/०२

**स्वर्गारोहण :**
वि.सं. २०७७/०४/२६

## स्व. पञ्च सिं रोकाया

मितिः २०७७ साल श्रावण २६ गते सोमबारका दिन बिहान करिव ६:३० बजेको समयमा यस सहकारी संस्थाका अध्यक्ष **पञ्च सिं रोकाया**को ५० वर्ष उमेरको अल्पायुमै असामयिक स्वर्गारोहणले हामीलाई अत्यन्तै मर्माहित बनाएको छ। उहाँको स्वर्गारोहणले यस सहकारी संस्था एवं सहकारी अभियानलाई अपुरणीय क्षती पुगेको छ। उहाँ यस सहकारी संस्थाको स्थापनाकालमा संस्थापक अध्यक्ष रहि हाल संचालक समितिको ५ औं कार्यकालमा अध्यक्ष पदमा कार्यरत हुनुहुन्थ्यो। कर्णाली प्रदेशमा सहकारीको माध्यमबाट स्वरोजगारको श्रृजना गर्दै यहाको गरिबि न्युनिकरण गर्ने अभियानमा यस सहकारी संस्थालाई अघि बढाउन नेतृत्व गर्ने आदरणीय अध्यक्ष पंञ्च सिं रोकाया प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछौं। दुखको यस घडिमा सम्पूर्ण परिवार जनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक सम्वेदना प्रकट गर्दछौं।

**संचालक समिति पदाधिकारी :**

**सिंह बहादुर गुरुङ का.वा. अध्यक्ष**
**पासाङ महतारा सचिव**
**जवान सिं बुढा कोषाध्यक्ष**
**पार्वती गुरुङ सदस्य**
**पदमा महतारा सदस्य**
**लक्ष्मी गुरुङ सदस्य**

**लेखा समिति पदाधिकारी :**

**अंक बहादुर गुरुङ संयोजक**
**पुरन शाही सदस्य**
**चक्र बहादुर गुरुङ सदस्य**

**बिशाल के.सी**
प्रमुख कार्यकारी अधिकृत

तथा

**बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
वीरेन्द्रनगर–९,लाटीकोइली, सुर्खेत

# विषय सूचि


| विवरण | पृष्ठ |
|---|---|
| १. संस्था परिचय | ३ |
| २. संस्थागत संरचना | ४ |
| ३. २० औं बार्षिक साधारण सभा सम्बन्धि सूचना | ५ |
| ४. अध्यक्षज्यूको तर्फबाट | ७ |
| ५. सञ्चालक समितिको बार्षिक प्रतिवेदन | ९ |
| ६. लेखा समिति प्रतिवेदन | १७ |
| ७. स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | १९ |
| ८. वासलात | २१ |
| ९. नाफा-नोक्सान हिसाव | २२ |
| १०. नाफा बाँडफाँड हिसाव | २३ |
| ११. नगद प्रवाह विवरण | २४ |
| १२. इक्विटिमा भएको परिवर्तन सम्बन्धि विवरण | २५ |
| १३. अनुसूची विवरण | २६ |
| १४. प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु | ३८ |
| १५. संस्थाले विगत ५ बर्षमा हासिल गरेका मुख्य उपलब्धिहरु | ४१ |
| १६. विभिन्न चार्टहरु | ४३ |
| १७. संस्थाको प्रमुख कर्मचारीहरुको प्रोफाईल | ४७ |
| १८. संस्थाका विभिन्न गतिविधिहरु | ५१ |

## संस्था परिचय :

**"थोरै भएपनि बचत गरौ"** भन्ने उद्देश्य लिई सुर्खेत जिल्लाको तत्कालिन लाटिकोईली गा.वि.स.मा २०५६ मंसिर ४ गते गठन गरीएको एक समूह, जसमा आवद्ध ९ जना महिला र १६ जना पुरुषको अग्रसरतामा मिति : २०५७।०२।१२ गते सहकारी ऐन २०४८ अनुसार दर्ता भएको संस्था हो **"बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि."** । २५ जना सेयर सदस्यहरुबाट शुरुभएको सहकारी अभियान हाल कर्णाली प्रदेशको ४ जिल्लामा रहेका सेयर सदस्यहरुलाई उनीहरुको घरदैलोमा गई सानो सानो कर्जा, बचत, विमा तथा रेमिटान्स र वित्तिय साक्षरता सम्बन्धि कार्य गरी सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सफल भएको छ ।

कर्णाली प्रदेश अन्तरगत सुर्खेत, दैलेख, जाजरकोट र जुम्ला जिल्लाभर कार्यक्षेत्र रहेको यस सहकारी संस्थामा २०७७ असार मसान्तसम्ममा ११०५८ पुरुष र ४१,२७५ महिला गरी कुल ५२,३३३ जना सेयर सदस्यहरुको आवद्धता रहेको छ। संस्थामा कुल सदस्य संख्याको ८१ प्रतिशत महिला सदस्यहरुको सहभागिता रहेको छ। २०७७ असार मसान्तसम्ममा संस्थाको वासलातमा सम्पत्ति तथा जायजेथा **रु. १ अर्व ९८ करोड ७८ लाख ५ हजार ५६ रुपैया** रहेको छ। यस सहकारी संस्थामा आवद्ध सेयर सदस्यहरुको **१८ करोड ५६ लाख रुपैया सेयर पुँजि** रहेको छ भने **८३ करोड ३५ लाख बचत** बाकि रहेको छ। संस्थाले सेयर सदस्यहरुलाई विभिन्न प्रयोजनमा लगानी गरेको ऋण बाँकि **१ अर्व ६० करोड रुपैया** रहेको छ। संस्थाले कर्णाली प्रदेश अन्तरगत रहेको अति दुर्गम स्थानहरुमा सेवा विस्तार गर्दै मध्ययम देखि अति विपन्न परीवारका सदस्यहरुलाई गुणस्तरीय वित्तिय सेवा प्रदान गर्दै आईरहेको छ।

समाजमा छरीएर रहेको सानो सानो पुँजिलाई बचत स्वरुप संकलन गरी उक्त पुजीलाई आयआर्जनको क्षेत्रमा परीचालन गर्दै यस क्षेत्रको आर्थिक संबृद्धिको लागि ठुलो सहयोग पुऱ्याएको छ। यस सहकारी संस्था स्थापना गरेको **बौद्ध ग्रामीण दुग्ध डेरी उद्योग** ले आ.ब. २०७६।७७ मा मात्र किसानहरुबाट ८६ लाख ३९ हजारको दुध खरीद गरी त्यसको बजारीकरण गर्न सफल भएको छ। गुणस्तरीय पिउने पानीको उपलब्धताको लागि बौद्ध ग्रामीण प्रशोधित खानेपानी उद्योग स्थापना गर्न सफल भएको छ। सदस्यहरुको सिप एवं क्षमता अभिबृद्धिका लागि विभिन्न रचनात्मक कार्य गर्दै आईरहेको यस सहकारी संस्थाले हाल कृषि क्षेत्रमा आवद्ध किसान सदस्यहरुको सिप एवं क्षमता अभिबृद्धि गर्नको लागि वी.न.न.पा ९ लाटिकोईलीमा करीब १० विगाह जमिन भाडामा लिई बिजी एग्रकल्चर एण्ड रिसर्च सेन्टरको स्थापना गरेको छ। जहाँ सेयर सदस्य किसानहरुलाई नया नया कृषि प्रविधि, कम लागतमा गुणस्तिरीय कृषि वस्तु उत्पादन गर्ने विधिका बारेमा प्रत्यक्षरुपले तालिम दिने र गाउमा रहेका बाँझो जमिनमा उन्नत प्रविधिको प्रयोग गराई कृषिजन्य वस्तुको उत्पादन बृद्धि गर्ने रहेको छ। यसरी उत्पादित बस्तुहरुको भण्डारण गर्नको लागि शित भण्डार र बजारीकरणका लागि मण्डीको समेत व्यवस्था गर्ने उक्त फर्मको योजना रहेको छ।



### परिकल्पना (Vision)

"गरिव तथा विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थान गरी देशको गरिवी निवारणमा योगदान गर्ने।"

### अभियान (Mission)

"गरिव तथा विपन्न वर्गलाई सहकारी मार्फत आर्थिक तथा सामाजिक उत्थान गर्ने।"



### लक्ष्य (Goal)

"आगामी ५ वर्षभित्रमा ८० हजार सदस्यहरुलाई संस्थाका सेवाहरु प्रदान गर्ने।"

# संस्थागत संरचना


साधारण सभा
संचालक समिति
लेखा समिति
केन्द्रिय कार्यालय
डेरी विभाग
सहकारी विभाग
लघुवित्त विभाग
आन्तरिक लेखा परीक्षण विभाग
डेरी उद्योग कार्यालय
शाखा/उपशाखा कार्यालय
लघुवित्त कार्यालय
प्रशासन/लेखा
प्रशासन/लेखा/ऋण विभाग
प्रशासन/लेखा/ऋण विभाग
बजार व्यवस्थापन विभाग
बजार व्यवस्थापन विभाग
बजार व्यवस्थापन विभाग

## बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत

# २० औं बार्षिक साधारण सभा सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४को दफा ४० को उपदफा ५ बमोजिम यस संस्थाको २०औं बार्षिक साधारण सभा आयोजना गर्नु पर्ने भएकाले संचालक समितिको मिति: २०७७।०८।१० गतेको बैठकको निर्णय अनुसार तपशिल बमोजिम २० औं बार्षिक साधारण सभा आयोजना गरीने र उक्त सभा नेपाल सरकारको सहकारी विभागको मिति: २०७७/०६/०१ गतेको च.नं २०३ को पत्रानुसार दिईएको निर्देशन बमोजिम कोभिड-१९ को जोखिमलाई मध्यनजर गर्दै तपशिल बमोजिमको, मिति समय र स्थानमा निम्न अनुसारको प्रकृयाहरु अवलम्बन गरि साधारण सभा सम्पन्न गर्ने निर्णय भएकाले सम्पुर्ण सेयर सदस्यज्युहरुलाई जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

**प्रतिनिधि छनौट/बिस्तारित मञ्च भेला) सम्बन्धि प्रक्रियाहरु तथा जानकारी :**
संस्थाका सम्पुर्ण कार्यक्षेत्रलाई निम्न अनुसारको ७(सात) क्षेत्रमा विभाजन गरि प्रत्येक क्षेत्रमा निम्न अनुसारको मितिमा बिद्युतिय माध्यमबाट कार्यक्रम संचालनगरी प्रतिनिधि छनौट गर्दै निम्न अनुसारको संख्यामा अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरु चयन गरिने छ ।

| क्र.स | ईकाई | सेवा केन्द्र | संचालन मिति | नि.प्र गर्न छनौट हुने प्रतिनिधि |
|---|---|---|---|---|
| १. | खलंङ्गा, जुम्ला | खलंङ्गा | २०७७।०९।०५ | १ |
| २. | दुल्लु, दैलेख | दुल्लु, राकम कर्णाली | २०७७।०९।०७ | २ |
| ३. | डुङ्गेश्वर, दैलेख | नौमुले, चुप्रँ, डुङ्गेश्वर | २०७७।०९।०८ | ३ |
| ४. | पञ्चपुरी, सुर्खेत | बावियाचौर, बडडीचौर | २०७७।०९।११ | २ |
| ५. | भेरीगंगा, सुर्खेत | छिन्चु, मैनताडा, बोटेचौर, राकम | २०७७।०९।१२ | ४ |
| ६. | खलंङ्गा, जाजरकोट | खलंङ्गा, थलह | २०७७।०९।१३ | २ |
| ७. | वीरेन्द्रनगर, सुर्खेत | सहकारी लाटिकोईली, लाटिकोईली, सुन्दरनगर, मुलपानी, साटाखानी, मटेला | २०७७।०९।१५ | ६ |

**अन्य**

१. साधारण सभाको प्रतिवेदन सेवा केन्द्रमार्फत वितरण गरिने छ । संस्थाको Website : www.bgmcl.com पनि अपलोड हुनेछ ।
२. साधारण सभाको उपस्थित पुस्तिका प्रत्येक सेवा केन्द्रमा १५ दिनसम्म हस्ताक्षरको लागी खुल्ला राखिनेछ ।
३. सदस्यबाट प्राप्त सुझावहरु लिखितरुपमा लिइने र उपयुक्त सुझावलाई अन्तिम निर्णयमा समेटिने छ ।
४. संस्थाको संचालक समिति, लेखा सु.समिति तथा ऋण उप-समिति गठनको लागी सर्वसम्मत प्रकृया अवलम्बन गरिने छ ।

**केन्द्रिय साधारणसभा सम्बन्धी जानकारी :**

**मिति** : २०७७/०९/१६ गते,

**समय** : बिहानको ठिक ११:०० बजेदेखि ।

**माध्यम** : टेलिभिजन, एफ एम, Facebook Live, Google Meet, Zoom बाट प्रेत्यक्ष प्रसारण ।

**साधारणसभामा छलफलका बिषयहरु :**

१. संस्थाको र लेखा समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.ब ०७६/०७७ को लेखापरिक्षँण प्रतिवेदन माथी छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३. आ.ब ०७७/०७८ को प्रस्तावित निति,कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
४. लाभांस पारित गर्ने सम्बन्धमा ।
५. आ.ब २०७७/०७८ का लागि बाह्य लेखापरीक्षँकको नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. केन्द्रिय कार्यालयको निर्माणाधिन भवनको खर्च स्वीकृत गर्ने सम्बन्धमा ।
७. विनियम, निति, कार्यविधि, निर्देशिका तथा थप परिपत्र पारित गर्ने सम्बन्धमा ।
८. संस्थाको लागी जग्गा खरिद गर्ने सम्बन्धमा ।
९. कार्यकारी प्रमुख तथा संचालक समितिको सेवा सुविधा तथा भत्ता थप गर्ने सम्बन्धमा ।
१०. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा ।
११. विविध ।

संचालक समितिको आज्ञाले

**पासाङ महत्तरा**
सचिव

# बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत



## का. वा. अध्यक्षज्यूको तर्फबाट

आदरणीय सेयरसदस्य महानुभावहरु, यस संस्थालाई आजका दिनसम्म सफलतापुर्वक संचालन हुनका लागि दिनरात मेहनत तथा ईमान्दारीपुर्वक कार्य गर्नुहुने कर्मचारी भाई बहिनीहरु, सहकारी संस्थाका शुभचिन्तक, अभिभावक, बुद्धिजिवी तथा सहकारीसंग सरोकार राख्नुहुने सम्बन्धित सबैलाई सहकारी अभिवादनका साथ २० औं बार्षिक साधारण सभामा स्वागतम तथा नमस्कार !

आज हामी कोभिड १९ को महामारीका बिच संस्थाको २० औं साधारण सभा विद्युतिय माध्ययमबाट आयोजना गर्दैछौं। यसै बिच मिति : २०७७ श्रावण २६ गतेका दिन हामीले हाम्रा प्रिय मित्र एवं यस संस्थाका अध्यक्ष श्री पंच सिं रोकायलाई गुमाउन पुगेका छौं, उहाकै नेतृत्वमा स्थापित यस सहकारी संस्थाले आज एक उचाई छुन सफल भएको छ। सदैव संस्थाको उन्नतीका लागि उर्जाशिल हुदै संस्था एवं सदस्यहरुको हितका लागि उहाले दिएको योगदान यस संस्थाको ईतिहासमा स्वर्णिम अक्षरले लेखिनेछ। हामी स्वर्गीय मित्र पंच सिं रोकाया प्रति उच्च सम्मानका साथ आज यस २० औं बार्षिक साधारण सभामा हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं।

कोभिड १९ को चुनौति पश्चात आज सारा विश्वले धेरै पाठ सिक्ने अवसर प्राप्त गरेको छ, भनिन्छ जहा चुनौति छ त्यहाँ उपाय पनि हुन्छ, मानिसमात्र सारा विश्वमा यस्तो प्राणि हो, जसले आदिकाल देखि आफुमा भएको असिमित सम्भावनाहरुलाई उजागर गदै आईपर्ने समस्याहरु विरुद्ध लडन सफल भएको छ। कोभिड १९ को कारण विश्वव्यापी रुपमा लाखौं मानिसहरुले ज्यान गुमाउन पुगेका र करोडौ मानिस प्रत्यक्ष रुपमा प्रभावित रहेको अवस्थामा हाम्रो देशले पनि यस महामारीसंग सामना गर्नुपर्‍यो। देशको आर्थिक लगाएत सामाजिक अवस्थामा समेत ज्यादै नकारात्मक प्रभाव परेको यस घडीको सामना गर्नको लागि अग्रपन्तिमा कार्यरथ स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार तथा अर्थतन्त्रलाई चलायमान बनाउने बैंक वित्तिय संस्था, सहकारी संस्थाका कर्मचारीहरु लगाएत निजी क्षेत्रका व्यापारीवर्गहरुमा उहाहरुले दिएको योगदानको उच्च कदर गर्दै सबैलाई हार्दिक आभार व्यक्त गर्न चाहान्छु। साथै नेपाल एव विश्वका अन्य देशहरुमा रहनु भएका मानिसहरु जसले कोभिडका कारण ज्यान गुमाउनुभयो उहाँहरुको आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

हालको अवस्थामा विश्वअर्थतन्त्रमा परेको प्रभार र महामारीको अवस्थामा मानव जिवनमा परेको संकट धेरै गहन अध्ययनको बिषय बन्न पुगेको छ। सानातिना श्रम गरी खाने मान्छेलाई यो महामारीको सामना गर्न निकैनै गाह्रो भएको र सानो तिनो रोजगार गरी घर व्यवहार गर्ने मानिसहरुलाई समेत जतासुकै मन्दि छाउदा आर्थिक रूपमा निकैनै चुनौतीहरुको सामना गर्नुपरेको देखिन्छ। रोजगारको लागि छिमेकी मुलुकहरुमा गई कामगर्ने र घर व्यवहार गर्ने मानिसहरु महिनौ दिन लगाएर सयौ किलोमिटर पैदल हिडदै अनेकौ बाधा व्यवधान पार गर्दै घर पुगेको दृश्य ज्यादै नै भावुक एवं मर्मस्पर्शी थियो। मानिसको लागी पहिलो आधारभुत आवश्यकता गाँस, बास र कपास हो, यिनै आवश्यकताको परीपुर्तिका लागि मानिस आफु बसोबास गर्ने ठाउ छाडि अन्य ठाउमा गई काम गर्न बाध्य भएको छ। तर एकाएक आएको महामारीमा पराई ठाउमा उसलाई धेरै नै गाह्रो हुने रहेछ, आफ्नो घर परीवारसंगै बसेर केहि गर्नुपर्ने रहेछ भन्ने कुरा आज सिकाईको बिषय भएको छ। आफ्नो गाउ ठाउमा आफुले सिकेका सिपलाई प्रयोग गर्दै वा नयाँ नयाँ सिप सिकी लघुव्यावसाय तथा कृषि कर्म गर्न सकिन्छ। कृषि क्षेत्रमा आएको आमुल परिवर्तन संगै आधुनिक कृषिक्रान्ति तर्फ उन्मुख भई हामी आफु अनि आफ्नो गाउँ समाजलाई स्वावलम्वी र स्वनिर्भर बनाउन सक्छौं। गाउघरमा बाझा रहेका जमीनमा आधुनिक कृषि प्रणालीको विकास गरी उच्च मुल्यका कृषिजन्य वस्तुहरुको उत्पादन, जडिबुटी उत्पादन,

पर्यटन क्षेत्रको विकास गरी आर्थिक सम्पन्नता तर्फ अघि बढन सक्छौ । विदेशीयका यूवाहरुलाई आफ्नो गाउँ फर्कि स्वरोजगार बनाउन सक्छौं । जसका लागि हामी सबैले एकजुट भई काम गर्न जरुरी छ, सदस्यहरुको कृर्षि क्षेत्रमा ज्ञान तथा क्षमता अभिबृद्धिका लागि हामीले यस बर्ष वी.न.न.पा ९, लाटिकोइलीमा बिजी एग्रीकल्चर एण्ड रिसर्च सेन्टरको स्थापना गर्न सफल भएका छौं । जहाँ सदस्यहरुलाई प्रत्यक्ष रुपमा कृर्षि प्रविधिको बारेमा तालिम संचालन गरीनेछ, जसले तालिम पश्चात गाउ गाउँमा उत्पादन बृद्धिको लागि आधुनिक कृर्षि फर्मको स्थापना विकास गर्दै सदस्यद्वारा उत्पादिन कृर्षिजन्य वस्तुहरुको बजारीकरनको समेत काम गर्नेछ भन्ने योजना हामीले बनाएको छौं ।

यो सहकारी संस्था तपाई हामी सबैको एक साझा सहकारी संस्था हो । यस संस्थाले २० बर्षमा प्राप्त गरेको उपलब्धि र अनुभवलाई प्रयोग गरी हामीले ठुला भन्दा ठुला कामलाई समेत सरल र सहज ढंगले संचालन गर्न सक्छौ । सहकारीद्वारा गर्न सकिने क्रान्ति मार्फत आर्थिक तथा सामाजिक रुपान्तरण गर्न सक्दछौं । अब हामीले यस प्रदेशमा कलकारखाना तथा औद्योगिक प्रतिष्ठानहरुको विकास, गुणस्तरीय स्वास्थ्य सेवाको लागि अत्याधुनिक अस्पताल स्थापना, शैक्षिक बिकासका लागि गुणस्तरीय विद्यालय संचालन गर्ने जस्ता कार्यहरु गर्न नितान्त आवश्यक रहेको देखिन्छ । ठुला ठुला योजना संचालन गर्न ठुलो लगानीको पनि आवश्यकता पर्न जान्छ, यसै कुरालाई मध्यनजर गर्दै संस्थाको तर्फबाट सम्पूर्ण सेयर सदस्य ज्यूहरुलाई सेयर लगानी बृद्धि तथा बचत कारोबार बृद्धि गर्नुहुन हार्दिक अपिल गर्न चाहन्छु । यदि संस्थाले बनाएको योजनामा सम्पूर्ण सदस्यहरुको पुरा पुरा साथ मिलेमा यस सहकारी संस्थालाई कर्णाली प्रदेशमा मात्र नभै नेपाल कै एक नमुना सहकारी संस्थाको रुपमा विकास गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

अन्तमा यस सहकारी संस्थाको २० औं बार्षिक साधारण सभालाई सफलताका साथ सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने सम्पुर्ण सेयर सदस्यज्यूहरु तथा आमन्त्रित पाहुनाहरु प्रति हार्दिक कृतज्ञताका ज्ञापन गर्दै विदा हुन्छु ।

जय सहकारी ॥

**सिंह बहादुर गुरुङ्ग**
का.वा.अध्यक्ष

# बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत

## बिसौं बार्षिक साधारणसभाको लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन

बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.को बिसौं बार्षिक साधारणसभाको सभापति मोहदय, केन्द्रिय तथा एकाईस्तरमा आतिथ्यता गर्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, ४ वटा जिल्लामा रहनुभएको सम्पुर्ण सेयर सदस्यज्यूहरु, प्रतिनिधि सदस्यज्यूहरु, संचारकर्मीज्यूहरु, कर्मचारी भाईबहिनीहरु लगाएत यस संस्थाका सम्पुर्ण शुभचिन्तक ज्यूहरुमा संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिवादनका साथ आजको यस सभामा हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम म आजको यस सभामा मेरा अत्यन्त प्यारा मित्र, गहन सोच र बिशाल हृदयका धनी, यस संस्थाका संस्थापक स्व.पंच सिं रोकाया प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै यस संस्थामा आवद्ध ६३ जना स्वर्गीय सेयर सदस्यहरु प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु र कोभिड १९ को महामारीका कारण ज्यान गुमाउनु भएका व्यक्तिहरुको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

कोभिड १९ को महामारी बिच नेपाल सरकारद्वारा जारी गरीएका निर्देशनहरुको पालना गर्दै विद्युतिय माध्ययमबाट ४ जिल्लामा रहेका सेवा केन्द्रहरुलाई ७ वटा एकाईमा विभाजन गरी एकै कार्यसुची निमार्ण गर्दै हामी २० औं साधारण सभा आयोजना गर्न गईरहेका छौं । यस साधारण सभा सदस्यहरुसंग भौतिक दुरी कायम राखि आयोजना गर्नुपर्ने भएको हुदा सदस्यहरुका गुनासा एवं रचनात्मक सुझावहरु संस्थालाई लिखित रुपमा सम्बन्धित कार्यालयमा पेश गर्नुहुन हामी सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई हार्दिक अपिल गर्दछौ । साथै म २०७७ असार मसान्तको संस्थाको वासलात, आर्थिक बर्ष २०७६/०७७ को नाफा-नोक्सान हिसाव, नाफा बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु । यस सम्मानित सभामा म सञ्चालक समितिको तर्फबाट संस्थाको विभिन्न परिसूचक प्रस्तुत गर्दै संस्थाको गत आर्थिक बर्षको कार्यको समीक्षा तथा भावी कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१) नेपालको महत्वपूर्ण आर्थिक परिसूचकहरुको विश्लेषण र सहकारी क्षेत्रको अवस्था :**

आ.ब. २०७५/०७६ मा नेपालको आर्थिक बृद्धिदर ७.३ प्रतिशत रहेकोमा आर्थिक बर्ष २०७६/०७७ मा कोभिड १९ महामारीका कारण विश्व अर्थतन्त्र नै प्रभावित हुन गई त्यसको प्रभावका कारण २.३ प्रतिशत हुने आकडा रहेको छ । कोभिड-१९को प्रकोपको असर दक्षिण एशियाली मुलुकहरुमध्ये नेपालमा कम हुने अन्तराष्ट्रिय निकायहरुको अनुमान रहेतापनि यो बर्ष आर्थिक बृद्धिदर न्यून भई गरिबी र बेरोजगारीमा चाप पर्ने स्थिति रहेको छ ।

आर्थिक बर्ष २०७६।७७ मा प्रतिव्यक्ति आय कुल गार्हस्थ उत्पादनमा बार्षिक १०८५ अमेरिकी डलर रहने देखिएको छ। जो मासिक ९०.४१ अमेरिकी डलर रहेको छ ।

आ.ब.२०७६।७७ मा कुल गार्हस्थ्य उत्पादन मा सबैभन्दा बढी योगदान ३५.८ प्रतिशत बागमति प्रदेशको रहने र सबैभन्दा कम ४.३ प्रतिशत कर्णाली प्रदेशको रहने अनुमान गरीएको छ ।

२०७६ फागुन मसान्तसम्ममा नेपालमा १९ जीवन विमा कम्पनी, २० निर्जीवन वीमा कम्पनी र १ पुनर्वीमा कम्पनि रहेका छन, देशको कुल जनसंख्याको करिब २२ प्रतिशत जनताको मात्र वीमामा पहुच पुगेको छ । नेपाल सरकारले कृषि तथा पशुपंक्षि बीमा शुल्कको ७५ प्रतिशत अनुदान दिने व्यवस्था गरीएको छ ।

नेपालको कुल ७५३ स्थानीय तह मध्ये ४६० गाउपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका रहेका छन् । जसमध्ये प्रदेश नं. १ का १४ जिल्लामा सबैभन्दा बढी (१३७ स्थानीय तह) र कर्णाली

प्रदेशका १० जिल्लामा सबैभन्दा कम (७९ स्थानीय तह) रहेका छन् ।

विगत लामो समयदेखि नेपालको गरिवी घट्दै गएपनि गरीबी न्यूनीकरणमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । आ.ब. २०७४/०७५ को अन्त्य कुल जनसंख्याको १८.७ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् भने बहुआयामिक गरिबी दर २८.६ प्रतिशत रहेको छ। नेपालको ७ वटा प्रदेश मध्ये कर्णाली प्रदेशमा बहुआयामिक गरिबीको दर सबैभन्दा बढी रहेको छ।

नेपालको पछिल्लो दशकमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमश: घटदै गएको छ । आ.ब. २०७६/०७७ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७.७ प्रतिशत रहने र गैर कृषि क्षेत्रको योगदान ७२.३ प्रतिशत रहने अनुमान रहेको छ। सन् २००८ को नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार कृषि क्षेत्रमा आवद्ध जनसंख्या ७३.९ प्रतिशत रहेकोमा सन् २०१८ मा यस्तो जनसंख्या ६०.४ प्रतिशत रहेको छ।

आ.व. २०७६/०७७ फागुन मसान्तसम्म नेपालमा कुल ३४,८३७ वटा सहकारी संस्थाहरु रहेका छन । जसमा कुल ६५,१५,४६० जना सदस्य आवद्ध रहेको छन । सोहि मिति सम्ममा नेपालको कुल सहकारी संस्थाहरुको शेयर पूँजी रु.७७ अर्ब २४ करोड रहेको छ। सहकारी क्षेत्रमा ३ खर्ब ५० अर्ब ५८ करोड बचत परिचालन भई ३ खर्ब ४१ अर्ब ७१ करोड ऋण परीचालन भएको छ। साथै नेपालको सहकारी क्षेत्रमा ६८ हजार ४ सय प्रत्यक्ष रोजगारी सिर्जना भएको छ। (स्रोत : नेपाल सरकार, अर्थमन्त्रालय, आर्थिक सर्वेक्षण २०७६/०७७)

**२) आर्थिक बर्ष मा २०७६/०७७ मा संस्थाको कार्यसम्पादन समिक्षा :**

देशमा नयाँ संविधान जारी भएसंगै राजनितिले नया गति लिएको र देशमा भएका विकासका निरन्तर प्रयासका बावजुद अर्थतन्त्रमा उच्च गरिवी, न्यून आर्थिक बृद्धिदर, उच्च आर्थिक असमानता, उच्च बेरोजगारीको स्थिति विद्यनमान रहेको अवस्थामा, वित्त बजारमा भएको ठुलो उतार चढाव र बजारमा बढदो प्रतिस्पर्धाको बाबजुद पनि आर्थिक बर्ष २०७६/०७७ मा संस्थाले निक्षेप, कर्जा, मुनाफा, सेवा आदी क्षेत्रहरुमा उल्लेखनीय सफलता हासिल गरेको कुरा जानकारी गराउन पाउँदा हामीलाई खुसी लागेको छ। समिक्षा अवधिमा संस्थाले हासिल गरेको आर्थिक प्रगतीको संक्षिप्त रुपरेखा निम्नबमोजिम प्रस्तुत गरेको छौं ।

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ | बढी/(घटी) | |
|---|---|---|---|---|
| | | | बृद्धि रकम रु. | प्रतिशतमा |
| कुल सम्पत्ति | १९८७८०५०५६ | १७६९५३८५३१ | २१८२६६५२५ | १२% |
| निक्षेप दायित्व | ८३३५१७०७९ | ७११८४९५६७ | १२१६६७५१२ | १७% |
| ऋण लगानी | १६०५४८९९९७ | १५००६६४१९९ | १०४८२५७९८ | ७% |
| व्याज आम्दानी | २७०६१११२० | २३५४६८८६१ | ३५१४२२५९ | १५% |
| व्याज खर्च | १५२०२०१०२ | १२८३८३८३० | २३६३६२७१ | १८% |
| खुद व्याज आम्दानी | ११८५९१०१९ | १०७०८५०३१ | ११५०५९८८ | ११% |
| अन्य संचालन आम्दानी | २२९१४०१७ | ३२२९६४५१ | -९३८२४३४ | -२९% |
| जम्मा संचालन आम्दानी | १४१५०५०३५ | १३९३८१४८२ | २१२३५५४ | २% |
| संचालन खर्च | ११४२२३३०० | १०९९३५१६८ | ४२८८१३२ | ४% |
| संचालन नाफा/ (नोक्सान) | २७२८१७३५ | २९४४६३१४ | -२१६४५७८ | -७% |
| गैर संचालन आम्दानी | ९१२६५९।१४ | ९०६१२।२८ | ८२२०४६।८६ | ९०७% |
| गैर संचालन खर्च | ० | ० | ० | |
| खुद नाफा/ (नोक्सान) | २८१९४३९४।४२ | २९५३६९२५।८५ | (१३४२५३१ | (५% |

**क) कारोबारमा भएको बृद्धि :**

समिक्षा अवधिको वित्तीय विवरणलाई हेर्दा कोभिड १९को बाबजुद पनि संस्थाको कारोबारमा निरन्तर बृद्धि भईरहेको कुरा प्रष्ट देखिन्छ । यसरी कारोबारमा भएको बृद्धिको कारण संस्थाको वासलातको आकार गत आ.व.को तुलनामा १२ प्रतिशतले वृद्धि भई प्रस्तुत आ.व.मा रु. १ अर्ब ९८ करोड ७८ लाख ५ हजार ५६ रुपैया पुगेको छ ।

**ख) निक्षेप :**

विगत आ.व.को तुलनामा समिक्षा अवधिमा निक्षेपतर्फ १७ प्रतिशतले बृद्धि हुन गई कुल निक्षेप रु. ८३ करोड ३५ लाख १७ हजार ७९ पुग्न गएको छ ।

**ग) कर्जा लगानी :**

निक्षेपमा बृद्धि भएपछि संस्थाले सोहि अनुपातमा लगानी तर्फ पनि बृद्धि गर्नुपर्ने भएकोले आर्थिक बर्ष ०७५/०७६ मा संस्थाले गरेको कर्जा प्रवाहको रकममा आर्थिक बर्ष २०७६/०७७ को अन्त्य सम्ममा ७ प्रतिशतले बृद्धि भएको छ। चैत्र ११ देखि शुरु भएको लकडाउनले असार १ गतेसम्म संस्थाको कारोबार पुर्णरुपमा बन्द भएको अवस्था र आर्थिक मन्दिका कारण लगानीमा आएको कमीले समिक्षा अवधि भरीमा संस्थाले कुल १ अर्ब ३८ करोड ८० लाख ७७ हजार ५०० रुपैया कर्जा लगानी गर्न सफल भएको थियो र १ अर्ब २८ करोड ३२ लाख ५१ हजार ७०२ असुली गरी मा रु. १ अर्ब ६० करोड ५४ लाख ८९ हजार ९९७ लगानीमा बाँकि कर्जा रहेको छ ।

संस्थाले अत्यन्त सावधानीपुर्वक जोखिम मूल्याङकन गर्दै लगानी तर्फको जोखिम न्यून गर्ने नीति लिएको कारण खराब कर्जाको स्तरलाई न्यून विन्दुमा राख्न सक्षम भएको छ। यस अवधिको अन्तसम्ममा संस्थाको कर्जा तर्फको जोखिम कम गर्नका लागि सहकारी विभागको मापदण्डमा दिईएको निर्देशन बमोजिम २ करोड ८३ लाख २८ हजार ५३३ रुपैया ऋण नोक्सानी कोषमा रकम व्यवस्था गरीराखेको छ। संस्थाको कर्जा असुली दर ९८.६२ प्रतिशत रहेको छ।

**घ) मुनाफा :**

आर्थिक बर्ष २०७६/०७७ मा संस्थाको कुल संचालन आम्दानी गत बर्षको तुलनामा २ प्रतिशतले वृद्धि भई रु.१४ करोड ९३ लाख ४४ हजार ११८ भएको छ भने संचालन खर्च ४ प्रतिशतले बृद्धि भई ११ करोड ४२ लाख २३ हजार ३०० रुपैया हुन गएको छ। संस्थाको मुनाफा गत बर्षको तुलनामा हेर्दा कम देखिएपनि कोभिड १९ को महामारी र त्यसले ल्याएको आर्थिक प्रभावले सदस्यहरुको आयस्तरमा पारेको प्रतिकुल असरलाई राहत दिन चैत्र ११ देखि असार मसान्तसम्ममा प्राप्त हुने कुल व्याज रकममा १० प्रतिशतको दरले छुट दिदा कुल ७३ लाख ६८ हजार २०३ रुपैया व्याज छुट दिईएको थियो र प्रदेश सरकार तथा स्थानीय सरकारलाई २६ लाख रुपैया कोभिड १९को महामारी व्यवस्थापनका लागि सहयोग स्वरुप दिईएको थियो। यसरी करीब १ करोड रुपैया खर्च भएको हुदा प्रस्तुत आर्थिक बर्षमा खुद मुनाफा २ करोड ८१ लाख ९४ हजार ३९४ रुपैया कायम हुन सकेको छ।

**ङ) तरलता व्यवस्थापन :**

समिक्षा अवधिमा संस्थाको तरलता व्यवस्थापन सन्तोषजनक रहेको छ । जसमा संस्थाले कुल बचतको २४ प्रतिशत, १९ करोड ८८ लाख ९७ हजार ६८१ रुपैया नगद तथा बैंक मौज्दातमा राखेको छ ।

**ज) डेरी उद्योग :**

यस संस्थाले सदस्यहरुले संचालन गरेको गाई तथा भैसीपालन व्यावसाय मार्फत उत्पादिन दुधलाई बजारीकरण गर्ने उद्देश्यका साथ स्थापना गरीएको बौद्ध ग्रँमीण डेरी उद्योगबाट समिक्षा अवधिमा किसानहरुबाट कुल १,५१,५७७ लिटर दुध रु.८६ लाख ३९ हजार ९०४ रुपैयामा खरीद गरीएको थियो । उक्त दुधलाई प्रसोधन गरी दुध तथा दुग्धजन्य पदार्थ निमार्ण गरी स्थानिय बजारमा विक्रि वितरण गरीएको थियो। दुग्ध उद्योगमा विभिन्न प्राविद्यिक समस्या एवं बजार व्यवस्थापनको विविध समस्याका कारण यस आ.ब.मा कुल रु. २० लाख ३२ हजार १५३ रुपैया नोक्सान भएको छ । लकडाउनमा ३ महिना लगातार डेरी बन्द गरीनु र नया मेशिनरीहरु जडान गर्दा

डेरीको लागत खर्च बढी भएका कारण नोक्सानको दर बृद्धि हुन गएको देखिन्छ ।

**झ) एम्बुलेन्स सेवा :**

संस्थाले सुर्खेत जिल्लाको पुर्वी क्षेत्रका सेयर सदस्य एवं स्थानिय वासिन्दाहरुलाई विरामी भएको अवस्थामा स्वास्थ्य संस्थासम्म सहजरुपमा पुऱ्याउनको एम्बुलेन्स सेवा संचालन गरीरहेको छ। कोभिड १९ को महामारीका बिच विकट क्षेत्रका विरामीहरुलाई समयमा नै अस्पताल तथा स्वास्थ्य केन्द्रमा पुऱ्याउनका लागि एम्बुलेन्स सेवा प्रदान गर्दै आईरहेको छ। समिक्षा अवधिभरमा एम्बुलेन्स सेवाबाट संस्थाले ८ लाख १९ हजार १६३ रुपैयाको कारोबार गर्न सफल भएको छ ।

**३. कार्यक्षेत्र तथा सेवा केन्द्र विस्तार :**

समिक्षा अवधिको अन्तसम्ममा संस्थाले कर्णाली प्रदेशको सुर्खेत, दैलेख, जाजरकोट र जुम्ला जिल्ला गरी कुल ४ जिल्ला भरमा रहेको सेयर सदस्यहरुको सुविधाको लागी कुल २१ वटा सेवा केन्द्र स्थापना गरी सेवा विस्तार गर्न सफल भएको छ । यस आ.व.को अन्त सम्म जुम्ला जिल्लामा १, जाजरकोट जिल्लामा २, दैलेख जिल्लामा ५, सुर्खेत जिल्लामा १३ वटा सेवा केन्द्र गरी कुल २१ वटा सेवाकेन्द्रहरु संचालनमा रहेका छन । यस यस आ.ब.मा ३५६० जनालाई संस्थाको नयाँ सेयर सदस्यता प्रदान गरीएको थियो भने १७९० जना सदस्यको सदस्यता खारेज गरीएको थियो । जस पश्चात २०७७ असार मसान्तसम्ममा संस्थामा कुल ५२३३३ जना सदस्यहरु रहेको, जसमध्ये ४१२७५ जना महिला र ११०५८ जना पुरुष सदस्य रहेका छन ।

**४. संस्थागत सुशासन तथा अनुपालन**

संस्थागत सुशासन (Corporate Governance ) को स्तरलाई उच्चतम राख्ने कुरामा संस्थाले सदैव महत्व दिदै आएको र आगामी बर्षमा पनि उच्चतम कायम राख्ने कुरामा हामी प्रतिबद्ध छौं । संस्थागत सुशासनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्ने संस्थाको उद्देश्य, नीति, आन्तररिक संरचना र कर्मचारीका आचरणको व्यवस्था गरिएका छन्। संचालक तथा कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहितालाई कार्यन्वयनमा ल्याईएको छ। सञ्चालक समितिका तथा संस्थाका सबै कार्यहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान संस्था सदैव क्रियाशील रही आएको छ । सहकारी विभाग एवं अन्य सम्बद्ध निकायहरुबाट समय-समयमा जारी भएका नीति एवं निर्देशनलाई संस्थाले पूर्ण रुपमा कार्यान्वयन गर्दै आएको छ र आगामी दिनहरुमा पनि पूर्ण रुपमा कार्यान्वयन गरिने छन् ।

**५. सूचना प्रविधि**

सूचना प्रविधिको विकासका साथै सदस्यहरुको चाहनालाई परिपूर्ति गर्न सूचना प्रविधिको उल्लेखनीय भूमिकालाई ध्यानमा राखी संस्थाले अनलाईन सफ्टवेयर सिस्टमको पूर्णरूपमा विकास गरीसकेको छ । निकट भविष्यमा सदस्यहरुलाई मोवाईल बैंकिङ्ग, ईन्टरनेट बैंकिङ्ग, ABBS जस्ता प्रविधिमूलक सेवाहरु प्रदान गर्ने र मोबाईल बैंकिङ्ग सेवा मार्फत् टेलिफोन बिल, पानी तथा विद्युत महशुल भुक्तानी, मोबाईल रिचार्ज, स्कुल फिस भुक्तानी, अन्य बैंक खातामा रकम रकमान्तर, खातामा रहेको व्यालेन्स रकम तथा खातामा रकम जम्मा हुनासाथ र खाताबाट रकम झिक्नासाथ कारोबारको जानकारी, सूचना प्रवाह, वित्तिय साक्षरता आदि जस्ता सेवा सुविधाहरु उपलब्ध गराईने छ । साथै संस्थाले भबिष्यमा समेत सूचना प्रविधिमा समयानुकुल सुधार एवं विकास गर्दै लाने लक्ष्य राखिएको छ ।

**६. आन्तरिक नियन्त्रण प्रणाली :**

सदस्यहरुको व्यावसायमा निहित कर्जा, विनाधितो लघुकर्जा, बजार तथा सञ्चालन लगाएतका जोखिमहरुलाई दृष्टिगत गरी संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबूत बनाउने नीति लिएको छ। यस सम्बन्धमा संस्थाको कारोबारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरु बनाई कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरी संस्थाका कामकारवाहीहरु प्रचलित कानुन बमोजिम भए गरेको छ/छैन त्यसको एकिन गर्ने उद्देश्यले साधारण सभा मार्फत लेखा सुपरीवेक्षण समितिको

गठन गरीएको छ। उक्त समितिले संस्थाका हरेक गतिविधि सहकारी ऐन, नियम र मापदण्ड अनुरुप भए नभएको निरीक्षण गर्ने व्यवस्था रहेको छ । संस्थाले आन्तरीक नियन्त्रणलाई अझ प्रभावकारी बनाउन संचालक समितिले केन्द्रिय कार्यालय एवं लेखा सुपरीवेक्षण समितिको मातहतमा रहने गरी एक छुट्टै आन्तरिक लेखा परीक्षण विभाग गठन गरेको छ । उक्त विभागले संस्थाको शाखा तथा उपशाखा कार्यालयहरुको निरन्तररुपमा अनुगमन गरी लेखा समिति तथा व्यवस्थापन समितिलाई आन्तरीक लेखा परीक्षण प्रतिवेदन पेश गर्ने, भेट्टिएका कैफियतहरुलाई सुधार गर्नका लागि शाखा तथा उपशाखा कार्यालयहरुलाई सुझाव पत्र दिने र भए गरेको प्रगति तथा सुधारलाई रेकर्ड राख्ने र चेकजाच गर्ने कार्यहरु गर्ने गरेको छ भने लेखा समितिले संचालक समितिलाई विभिन्न राय तथा सुझावहरु दिई प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ ।

**७. विप्रेषण कारोबार :**

संस्थाले विप्रेषण कारोबारलाई अझ प्रर्बधन र प्रभावकारी बनाउदै लैजाने क्रममा स्वदेशमा रहेका विभिन्न रेमिटेन्स कम्पनीहरुसंग सम्झौता गरी विप्रेषण कारोबार विस्तार गर्दै लगिरहेको छ । संस्थाले IME, Prabhu Money Transfer, Himal Remit, Western Union, Best Remit, City Express Money Transfer, Cash in Remit, Cashway remit, Money remit, Panos remit, Samshara remit, sewa remit, जस्ता विप्रेषणको कम गर्ने रेमिटान्स कम्पनीहरुसंग सम्झौता गरी विप्रेषण सम्बन्धी कार्यलाई निरन्तरता दिईएको छ । संस्थालाई विप्रेषण कारोबारबाट यस आ.ब. कुल १० लाख ८ हजार ८२६ रुपैया आम्दानी प्राप्त भएको छ ।

**८. बाह्य बैंकहरुसंग भएको कर्जा कारोबार :**

संस्थाको सेयर सदस्यहरुको व्यापार व्यावसाय संचालनमा सहयोग गर्न, विपन्न वर्गका परीवारहरुलाई लघुकर्जा उपलब्ध गराउन संस्थाले विभिन्न कर्मसियल बैंक तथा वित्तिय संस्थाहरुबाट कर्जा कारोबार गरेको छ । संस्थाको बाह्य ऋण गत बर्षको तुलनामा ३ प्रतिशतले घटेर कुल ६६ करोड ८९ लाख ३ हजार १२४ रुपैँया बाँकि रहेको छ ।

**९. संस्थागत सामाजिक उत्तरदायित्व**

संस्थागत सामाजिक उत्तरदायित्वको निर्वाहमा संस्थाले आफ्नो स्थापनाकालदेखिनै प्रत्यक्ष रुपमा तथा विभिन्न सामाजिक तथा सम्बद्ध संस्थाहरुको माध्यमबाट योगदान पुर्‍याउदै आएको छ । संस्थाले खास गरी शिक्षा, स्वास्थ्य, खेलकुद, संस्कृतिलगायस प्राकृतिक प्रकोपबाट पीडितलाई सहयोग गर्दै आएको छ । संस्थागत सामाजिक कार्यक्रम अन्तरगत आ.ब. २०७६/०७७ मा संस्थाले कुल ९२ लाख २८ हजार ६०५ रुपैया खर्च गरेको छ। जसमध्ये ६३ लाख रुपैँया कोषबाट र रु.२९ लाख २८ हजार ६०५ प्रत्यक्ष आम्दानीबाट खर्च गरीएको छ । उक्त खर्चको सक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।

» संस्थाले २०७४ माघ देखि सदस्यहरुको कुनैपनि सदस्यको दुर्घटना वा कालगतीले मृत्यु हुदा सामाजिक जिम्मेवारी अन्तरगत स्थापना गरेको सदस्य सुरक्षा कोषबाट आ.ब. २०७६/०७७ मा ६३ जना सदस्यहरुको मृत्यूहुँदा रु.६३ लाख रुपैया राहत स्वरुप वितरण गरीएको छ ।

» कोभिड १९को महामारीका विरुद्ध लडन कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश कोभिड १९ राष्ट्रिय राहत कोषमा रु.२५ लाख एवं वी.न.न.पा. वडा नं. ९ को विपद तथा जलवायू उथ्थानशिल समितिको कोषमा १ लाख गरी २६ लाख रुपैया संस्थाको तर्फबाट सहयोग उपलब्ध गराईएको ।

» सुर्खेत जिल्लाको बुद्धपथमा पर्यटकिय बिकासका साथ सांस्कृतिक संरक्षणको लागि स्थापना गर्नलागिएको बुद्ध सरोबर निमार्ण गर्नको लागि रु.३,०५,०००।- तथा यूवा लक्षित विभिन्न खेलकुद लगाएत तिज विशेष कार्यक्रमको लागि २३,६०५ थियो ।

साथै

» कोभिड १९को महामारीका बिच लकडाउन अवधिभरमा विभिन्न साझेदार संस्थाहरु मार्फत सहयोग जुटाई

अति विपन्नवर्गका सदस्यहरुलाई करीब रु.५ लाख बरावर खाद्यान्न एवं स्वास्थ्य सामाग्री सहयोग वितरण गरीएको थियो ।

**१०. संचालक समिति तथा लेखा समितिमा भएको हेरफेर र त्यसको कारण**

आ.व. २०७६।०७७ मा संस्थाको संचालक समिति तथा लेखा समितिमा कुनैपनि हेरफेर भएको छैन ।

**११. अन्य समितिहरु**

**ऋण समिति** : संस्थाको संचालक समितिले श्री पासाङ्ग महत्तराको संयोजकत्वमा श्री पदमा महत्तरा र श्री बिशाल के.सी. गरी ३ सदस्यीय ऋण समितिको गठन गरेको छ । उक्त समितिले संस्थाको ऋण नीति नियमावली अनुसार दिईएको निर्देशन अनुरुप सदस्यहरुले माग गरेको कर्जा स्वीकृत गर्ने तथा ठुला कर्जाहरु संचालक समिति समक्ष स्वीकृतीका लागि सिफारिश गर्ने कार्य गर्दछ । उक्त समितिले आ.व. २०७६/०७७ मा १४२ पटक बैठक बसेको थियो ।

**कर्मचारी पदपुर्ति समिति** : संस्थाको संचालक समितिले श्री पासाङ्ग महत्तराको संयोजकत्वमा श्री अंक बहादुर गुरुङ्ग र श्री बिशाल के.सी. सदस्य रहेको ३ सदस्यीय कर्मचारी पदपुर्ति समिति गठन गरेको छ । उक्त समितिले कर्मचारीहरुको भर्ना छनौट तथा स्थायी नियूक्ति र पदोन्नती सम्बन्धमा संस्थाको नियमावली र सहकारी ऐन नियमले दिएको अधिकार प्रयोग गरी संचालक समिति समक्ष सिफारीश गर्ने कार्य गर्दछ ।

**भवन निमार्ण उपसमिती** : संस्थाको संचालक समितिले श्री पासाङ्ग महत्तराको संयोजकत्वमा श्री पदमा महत्तरा र श्री बिशाल के.सी. सदस्य रहने गरी पानि उद्योगको भवन एवं सहकारी तर्फको तेस्रो तल्लाको भवन निमार्ण उपसमिति गठन गरेको छ ।

**१२. सरकारी राजस्वमा योगदान :**

आ.व. २०७६/०७७ असार मसान्तसम्ममा अग्रीम आयकर बापत ७८ लाख ३० हजार ३८७ रुपैया करकार्यालयमा जम्मा रहेको र सो आ.व.को नाफामा १५ लाख १२ हजार ८५ रुपैया आयकर वापत व्यवस्था गरीएको र विभिन्न भुक्तानीमा कर कट्टी गरे वापत रु.५४ लाख ९१ हजार ९४१ रुपैया गरी कुल रु. ७० लाख ४ हजार २६ रुपैया सरकारी राजस्वमा योगदान दिन सफल भएको छ ।

**१३. संस्थाको कारोबारलाई असर पार्ने मुख्य कारकहरु :**

संस्थाको कारोबारलाई असर पार्न सक्ने विभिन्न किसिमका जोखिमहरुलाई तल प्रस्तुत गरेको छु ।

क) नेपाल सरकार वा सहकारी विभागले सहकारी संस्था सम्बन्धी नीतिमा परिवर्तन गर्दा श्रृजना हुनसक्ने संभावित जोखिमहरु ।
ख) निक्षेप तथा कर्जा लगानीको व्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरु ।
ग) यथा समयमा कर्जा असुल नभई उत्पन्न हुने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरु ।
ङ) अन्तरराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
च) पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरु ।
छ) दैविप्रकोप तथा विनासकारी घटनाहरुबाट देशको अर्थतन्त्रमा पर्न सक्ने नाकारात्मक असरहरु ।
ज) देशको राजनैतिक अस्थिरताले पर्न सक्ने असरहरु ।
झ) तिब्रतर बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरु ।
ञ) बाह्य बैंक वित्तिय संस्थाबाट लिएको कर्जाको व्याजदरमा भएको बृद्धिका कारण पर्न सक्ने जोखिमहरु ।

**१४. लेखापरीक्षकको नियूक्ति :**

संस्थाको आर्थिक बर्ष २०७६/०७७ का हरहिसाबहरु लेखापरीक्षण गर्नको लागि १९ औं बार्षिक साधारण सभाबाट नियूक्त हुनु भएका जोशी एण्ड भण्डारी चाटर्ड एकाउण्टेण्ट्सका एफ.सि.ए. ज्ञानेन्द्र सुवेदीबाट सम्पन्न भयो ।

संस्थाको लेखापरीक्षण कार्य समयमा सम्पन्न सहयोग गर्नुभएको हुदा आर्थिक बर्ष २०७७/०७८ को हरहिसाबहरु लेखापरीक्षण गर्नका लागि एफ.सि.ए.ज्ञानेन्द्र सुवेदी, जोशी एण्ड भण्डारी चाटर्ड एकाउण्टेण्ट्सलाई पुन नियूक्तिका लागि सिफरीश गर्दछौ ।

**१५. मानव संसाधन :**

२०७५ आषाढ मसान्तसम्ममा संस्थामा कुल १९२ जना कर्मचारी कार्यरत रहेका छन् । कुल कर्मचारी मध्ये ९४ जना (४९%) महिला कर्मचारीहरु रहेका छन् । सदस्यहरुलाई सर्वसुलभ तथा छिटोभन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्त गर्न संस्थाको जनशक्तिको दक्षता बृद्धिका लागि कर्मचारीहरुलाई आवश्यक तालिम, गोष्ठि र क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरीएको, तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुको भ्रमण तथा अध्ययन अवलोकनको कार्यक्रममा सहभागी गराईएको छ । आगामी बर्षमा समेत सोहि अनुरुप तालिम तथा भ्रमणका कार्यक्रम संचालन गर्ने नीति लिईएको छ ।

**१६. भावी कार्यक्रम :**

यस संस्थाको भावी कार्यक्रम निम्नानुसार रहेका छन :

क) २०७८ आषाढ मसान्तसम्ममा संस्थाको कुल सेयर पूँजी ४० करोड पुऱ्याउने, जसका लागि संस्थाका सेयर सदस्यहरुबाट सेयर लगानी बृद्धि गर्नका लागी आवहान गर्ने ।

ख) सेयर सदस्यहरुलाई निक्षेप बृद्धि गर्नकालागी विभिन्न किसिमका बचत योजनाहरुमा सहभागी गराउने र उक्त बचत खाताहरुमा आर्कषक व्याज प्रदान गर्ने । सदस्यहरुको बचत बृद्धि गरी परनिर्भरता कम गर्दै लै जाने ।

ग) संस्थाको बार्षिक साधारण सभा तथा बिशेष साधारण सभाबाट पारित निर्णय बमोजिम उपयुक्त देखिएको सहकारी संस्थाहरुलाई प्राप्ति गर्ने ।

घ) संस्थाको प्रसोधित पिउने पानी उद्योगको उद्घाटन गरी पानिको विक्रि वितरण सुरु गर्ने ।

ङ) विप्रेशणको कारोबारलाई अझ व्यवस्थित गरी अन्य रेमिटान्स सेवा प्रवाह गर्ने कम्पनिहरुसंग समेत सम्झौता गरी त्यसको कार्यक्षेत्र र कारोबार बृद्धि गर्ने ।

च) कर्जाको गुणस्तरमा सुधार गर्दै लैजाने र कर्जा विस्तार गर्दा कृर्षि, साना तथा घरेलु उद्योगको विकासका लागि लगानीमा अझै बृद्धि गर्ने ।

छ) लघुवित्त कार्यक्रममा नितीगत सुधार गरी सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने, स्वच्छ लघुवित्तको अभियानलाई अघि बढाउने ।

ज) सदस्यहरुलाई आधुनिक कृर्षि प्रणाली सम्बन्धमा अध्ययन, अनुसन्धान गराई सिप क्षमता अभिबृद्धि गराउनका लागि कृर्षि अनुसन्धान केन्द्र स्थापना गर्ने ।

झ) संस्थाको आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनलाई अझ बढी सुदृढ गर्ने ।

ञ) सुचना प्रविधिलाई समयानुकुल सुधार एवं विस्तार गर्ने ।

ट) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न थप कार्यक्रमहरु सञ्चालन गर्ने ।

**१७. लेखापरीक्षण, वासलात र अन्य विवरण**

२०७७ आषाढ मसान्तको वासलात, २०७६/७७ को नाफा-नोक्सान हिसाब, नाफा बाडफाड हिसाव, नगद प्रवाह विवरण, सम्बद्ध अनुसूचीहरु र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनका अंगको रुपमा राखिएको छ ।

**१८. नाफा नोक्सान बाँडफाँड :**

आ.ब. २०७६/०७७ मा संस्थाले रु. २ करोड ४१ लाख १९ हजार १८२ रुपैया खुद नाफा भएकोमा सहकारी ऐन २०७४ को दफा ६८ बमोजिम खुद नाफाको २५ प्रतिशत अर्थात ६० लाख २९ हजार ७९५ रुपैया जगेडा कोषमा छुट्याइएको छ । जगेडा कोष विभाजन पश्चात बाकि रहेको रकमलाई १०० प्रतिशत मानी सहकारी ऐनको दफा ६९ बमोजिम संरक्षित पूँजी फिर्ता कोषमा २५ प्रतिशत अर्थात ४५ लाख २२ हजार ३४६ रुपैया छुट्याईएको छ । यसै गरी सोहि ऐनको दफा ७० बमोजिम सहकारी प्रबर्द्धन कोषमा ०.५ प्रतिशत अर्थात ९० हजार ४४६ रुपैया छुट्याईएको छ । सहकारी नियमावली २०७५ को नियम २७ मा गरीएको व्यवस्था अनुरुप शुद्ध मुनाफाबाट जगेडा कोष, संरक्षित पूँजीकोष, सहकारी प्रबर्द्धन कोष छुट्याई बाकि रहेको शेष रकम १ करोड ३४ लाख ७६ हजार ५९२ लाई शत प्रतिशत मानि अन्य कोषहरु अन्तरगत शेयर लाभांश कोषमा ७० प्रतिशतका दरले ९४ लाख ३३ हजार ६१५ रुपैया, सहकारी शिक्षा तथा तालिम कोषमा ५ प्रतिशतका दरले ६ लाख ७३ हजार ८२९ रुपैंया, संस्था (सहकारी) विकास कोषमा ५ प्रतिशतका दरले ६ लाख ७३ हजार ८२९ रुपैया, घाटा पुर्ति कोषमा ५ प्रतिशतका दरले ६ लाख ७३ हजार ८२९ रुपैंया, सामुदायिक विकास कोषमा ५ प्रतिशतका दरले ६ लाख ७३ हजार ८२९ रुपैया, अन्य जोखिम व्यवस्थापन कोषमा ५ प्रतिशतका दरले ६ लाख ७३ हजार ८२९ रुपैया, कर्मचारी बोनस कोषमा ५ प्रतिशतका दरले ६ लाख ७३ हजार ८२९ रुपैया नाफा बाडफाड गरीएको छ ।

संस्थामा कार्यरत कर्मचारीहरुलाई दिईने कर्मचारी बोनस वापतको रकम बोनस ऐन अनुसार दिईने व्यवस्था हुँदाहुँदै प्रदेश ऐनको कारण नाफा बाडफाडमा अनिवार्य राख्नुपर्ने भन्ने निर्देशन प्राप्त भएको हुदा उक्त कोषमा रकम व्यवस्था गरीएता पनि उक्त कोषको रकम जगेडा कोषमा स्थानान्तरण गर्ने गरी कोष खडा गरीएको छ ।

त्यसै गरी यस बर्षको शेयर लाभांश कोषमा रहेको रकम नगद लाभांश वितरण गर्ने र संरक्षित पुजि फिर्ता कोषमा रहेको रकम सहकारी नियमावली २०७५ को नियम २५ मा व्यवस्था गरीए अनुरुप सदस्यले जम्मा गरेको बचतको लागि ४० प्रतिशत तथा लिएको ऋणमा तिरेको व्याजको लागि ६० प्रतिशत विनियोजन गरी पुजी फिर्ता गर्ने प्रस्ताव गरिएको छ ।

**१९.** लेखापरीक्षण प्रतिवेदनमा संचालक समितिको प्रतिक्रिया संस्थाको नियमित कारोवारको सिलसिलामा देखिएका सामान्य टिप्पणीबाहेक खास प्रतिकुल टिप्पणी लेखापरीक्षण प्रतिवेदनमा देखिएको छैन । लेखापरिक्षकले दिएको सुझाव तथा सल्लाहलाई कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

**धन्यवाद ज्ञापन**

सहकारीको परीभाषालाई जिवन्तता प्रदान गर्दै, अन्तरराष्ट्रिय सहकारी मुल्य मान्यतालाई कायम राख्दै कर्णाली प्रदेशको एक सफल र सक्षम सहकारी संस्थाको स्थापनाको लागि निरन्तर सहयोग, प्रोत्साहन र मार्गदर्शन प्रदान गरी संस्थाको मनोबल उच्च राख्न सहयोग गर्ने हाम्रा आदरणीय शेयरधनी महानुभावहरु, नेपाल सरकारको कृषि तथा सहकारी मन्त्रालन, सहकारी विभागका सम्बद्ध निकायहरु, परोक्ष वा अपरोक्ष सहयोग गर्ने सम्पूर्ण सम्बद्ध पक्षहरु लगायत सबैलाई हार्दिक आभार प्रकट गर्दछु । संस्थाको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि प्रमुख कार्यकारी अधिकृत लगायत संस्थाका व्यवस्थापन समुहका सम्पूर्ण शाखा उपशाखा प्रबन्धक, आन्तरीक लेखा परीक्षक, तथा कर्मचारीहरु र अन्य सहयोगीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै संस्थाका गतिविधिहरुलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याइदिने संचारजगत र प्रत्यक्ष अप्रत्यक्ष रुपमा संस्थालाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद जय सहकारी ॥

संचालक समितिको तर्फबाट
**पासाङ महत्तारा**
सचिव

# बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत



## लेखा समिति प्रतिवेदन

बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.को २० औं बार्षिक साधारण सभाका सभापति ज्यू, प्रमूख अतिथि ज्यू, बिशेष अतिथि ज्यू, संचालक समितिका साथीहरु, लेखा समितिका साथीहरु, शेयर सदस्यज्यूहरु, संचारकर्मीज्यूहरु, संस्थाका कर्मचारी भाईबहिनीहरु एवम् उपस्थित शुभेच्छुक साथीहरु सबैमा हार्दिक सहकारी अभिवादन एवं नमस्कार ।

सर्वप्रथम म यस सभामा हाम्रा प्रिय मित्र स्वर्गीय पंच सिं रोकाया प्रति हार्दिक श्रद्धासुमन अपर्ण गर्न चाहन्छु । उहाँले यस संस्थालाई स्थापनाकाल देखि यहासम्म पुऱ्याउनका लागि दिएको योगदान सदा हामी सबैको मन मस्तिष्कमा रहिरहने छ । उहाँको पार्थिव शरीरले यो संसार छोडेर गएपनि उहा हामी सबैकालागि अमर रहिरहनुहुनेछ । साथै संस्थामा आवद्ध रहनुभई मृत्यूवरण गर्नुहुने अन्य ६३ जना सेयर सदस्यज्यूहरु प्रतिपनि म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

हाल विश्व भरिनै माहामारीको रुपमा फैलिरहेको कोभिड -१९ को कारणले नेपाल लगाएत विश्वको अर्थतन्त्रलाई नै थला पार्ने गरि सम्पुर्ण आर्थिक तथा गैरआर्थिक कृयाकलाप संगै सिङ्गो मानव जनजिवनलाई प्रभाव पारिरहेको अवस्था छ । यद्यपी यस महामारी विरुद्ध विभिन्न राष्ट्रका विभिन्न संस्थाहरुले खोप विकास तथा परिक्षण गरिरहेकाले छिट्टै उक्त कोरोना भाईरस विरुद्धको खोप सर्वसाधारण जनताले पनि पाउनेछन र यस महामारिबाट मुक्ति पाईनेछ भन्ने आशा रहेको छ । हालको यस्तो विषम परिस्थीतिमा पनि यस संस्थाले नेपाल सरकार र विश्व स्वास्थ्य संगठनले जारी गरेका स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरुको पालना गर्दै गराउदै, नेपाल सरकारका ऐन, कानुन निति, नियम र मापदण्डहरुको पालना गर्दै सेवा प्रवाह गरी सदस्यहरुको आवश्यक्ता र चाहाना पुरा गर्न सफल भएकाले संस्थाका संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा सम्पुर्ण सेयर सदस्यज्युहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस संस्थाको आ.ब. २०७६/७७ को सहकारी बिभागद्धारा जारी मापदण्ड २०६८ को अनूसूची २ (दफा ११ (४) संग सम्बन्धित) मा आधारित लेखा सुपरीवेक्षण समितिको प्रतिबेदन निम्न बमोजिम रहेको छ ।

### क. संस्थाको परिचय

सुर्खेत जिल्लाको विरेन्द्रनगर-०९, लाटिकोइलीमा अवस्थित बौद्ध ग्रामीण वहुउद्देश्यीय सहकारी संस्था लि. को स्थापना सहकारी ऐन, २०७४ अनुसार २०५७ साल जेठ १२ गते दर्ता भई संचालनमा आएको हो । संस्था दर्ता हुँदा बौद्ध ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. को रुपमा रहेकोमा मिति २०७० माघ २१ गते देखि बहुउद्देश्यीय सहकारी संस्थाको रुपमा कारोबार संचालन गर्दै आएको छ । अन्तर्राष्ट्रिय सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरुका आधारमा सदस्यहरुमा छरिएर रहेको स्रोत र साधनलाई एकिकृत गरी सदस्यहरुका निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्दतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्धारा सदस्यहरुको आर्थिक, सामाजिक, तथा सांस्कृतिक विकासको लागि यस संस्थाको स्थापना भएको हो । संस्थाले बचत तथा ऋण कारोबारका साथै लघुवित्त कार्यक्रम पनि संचालन गरेको छ । संस्थाले डेरी उद्योग संचालन गरेको तथा एम्बुलेन्सको सुविधा समेत उपलब्ध गराएको छ । यस संस्थाले सहकारीतर्फको १ वटा सेवा केन्द्र तथा लघुवित्ततर्फ २० वटा सेवा केन्द्रबाट समेत कारोबार संचालन गरेको छ । यस संस्थाको स्थायी लेखा नम्बर ३०३९४९०४६ रहेको छ ।

### ख. प्रमुख लेखा नीतिहरु

**१ लेखा अवधारणा**

वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा बाहेक ऐतिहासिक लागत अवधारणा, सामान्यतया स्वीकृत लेखा सिद्धान्त तथा प्रचलनमा रहेका सहकारी ऐन, मापदण्ड तथा नियमावली वमोजिम तयार पारिएका छन् ।

**२ आय लेखांकनका आधार**

२.१ संस्थाबाट लगानी गरिएको कर्जा रकममा ब्याज हिसाव गर्दा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ ।

२.२ कर्जा सापटीको ब्याजलाई नगद आधार (Cash Basis) मा आम्दानी जनाइएको छ ।

२.३ संस्थाले बैंक, वित्तीय संस्था तथा अन्य संस्थाहरुसँग रहेको निक्षेपमा प्राप्त गरेको ब्याजको स्रोतमा कट्टी भएको कर रकमहरुलाई अग्रिम कर दाखिला मानी सम्पूर्ण ब्याज रकमलाई आम्दानी जनाइएको छ ।

**३ खर्च लेखांकनका आधार**

३.१ संस्थाको निक्षेपमा ब्याज खर्च तथा प्रशासनिक खर्च हिसाब गर्दा ३६५ दिनलाई आधार मानिएको छ ।

३.२ संस्थाको खर्चहरुलाई प्रोदभावी आधार (Accrual Basis) मा खर्च जनाइएको छ ।

**४ स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिलाई ऐतिहासिक मूल्य अवधारणा अनुरुप लेखांकन गरिएको छ । स्थिर सम्पत्तिको लेखांकन गर्दा सो सम्पत्ति खरीद र निर्माण गर्दा लागेको लागत मूल्यका साथै सो सँग सम्बन्धित प्रत्येक्ष खर्चहरु समेत समावेश गरिएका छन् ।

## ५ स्थिर सम्पत्तिमा ह्रासकट्टी

स्थिर सम्पत्तिमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा गर्ने गरिएको छ। स्थिर सम्पत्तिको नीति अनुरुपको ह्रासदर निम्न रहेको छ।

| स्थिर सम्पति | ह्रास दर (%) |
|---|---|
| जग्गा | ० |
| भवन | ५ |
| कार्यालय उपकरण | २५ |
| फर्निचर तथा फिक्स्चर्स | २५ |
| सवारी साधन | २० |
| मेसिनरी औजार | १५ |
| अदृश्य सम्पत्ति | मुल्यु प्रयोग अवधी |

## ६ लगानी नीति र कर्जा नोक्सानी व्यवस्था

६.१ संस्थाले "कर्जा नीति तथा कार्यबिधि, २०७३" अनुसार कर्जा लगानी गर्ने गरेको छ र केही कर्जाहरु विना धितो सामुहिक जमानिका आधारमा लगानी गर्ने गरिएको छ।

६.२ आर्थिक वर्षको अन्त्यमा लगानीमा रहेका सम्पुर्ण कर्जाहरुलाई सहकारी विभागबाट जारी मापदण्ड, अनुसार असल, शंकास्पद र खराब कर्जामा वर्गिकरण गरी क्रमशः १%, ३५% र १००% ले हुन आउने रकमलाई कर्जा जोखिम व्यवस्था गर्ने गरिएको छ।

६.३ सहकारी बैंक तथा सहकारी सम्बन्धि संघ/संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ।

## ७ मौज्दात

संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य बिबिध सामाग्रीहरुलाई खपतको आधार मा FIFO (First In First Out) प्रणालीबाट हुन आउने रकम खर्च लेखी मौज्दातमा रहेकोलाई अन्य सम्पत्तिमा देखाईएको छ।

## ८ ब्याज खर्च

८.१ ब्याज दिनुपर्ने बचत (निक्षेप) खाताहरुमा ब्याज दिंदा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ।

८.२ बचत (निक्षेप) दायित्वमा दिनुपर्ने ब्याजलाई प्रोदभावी आधार (Accrual Basis) मा खर्च जनाइएको छ।

## ९ खुद नाफा रकमलाई विभिन्न कोषमा बाडँफाँड नीति

संस्थाको बाँडफाँडका लागी उपलब्ध नाफालाई संस्थाको "विनियम, २०५७" तथा सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ बमोजीम साधारण जगेडा कोषमा २५% सारी बाँकि रहेको रकमलाई सतप्रतिशत मानी संरक्षित पूंजी फिर्ता कोषमा २५% र सहकारी प्रवर्द्धन कोषमा ०.५% सारी बाँकि रहेको रकमलाई अन्य अनिवार्य कोषहरुमा निम्न दरमा बाँडफाँड गरिएको छ।

| कोषको नाम | दर (%) |
|---|---|
| शेयर लाभांस कोष | ७०% |
| कर्मचारी बोनस कोष | ५% |
| सहकारी शिक्षा कोष | ५% |
| संस्था (सहकारी ) विकास कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| अन्य जोखिम व्यजस्थापन कोष | ५% |

**१० अन्य नीतिहरु**

१०.१ संस्थाले सदस्यहरुबाट बचत (निक्षेप) स्वीकार गर्दा ५% देखि १२% सम्म ब्याज प्रदान गरेको छ ।

१०.२ संस्थाले सदस्यहरुलाई कर्जा प्रदान गर्दा १२% देखि १६% सम्म ब्याज लिने गरेको छ ।

१०.३ संस्थाले कर्जा प्रवाह गर्दा सदस्यहरुबाट व्यपस्थापन (सेवा) शुल्क वापत १% लिने गरेको छ ।

**११ आयकर व्यवस्था**

संस्थाले गरेको नाफामा आयकर ऐन, २०५८ ले तोकेको दररेट अनुसार आयकर रकम व्यवस्था गर्ने गरिएको छ ।

**ग) लेखा सम्बन्धी टिप्पणीहरु**

१. प्रस्तुत सहकारी संस्थाको वित्तिय विवरणहरु नेपालमा अपनाईने सर्वमान्य लेखा सिद्धान्त तथा सहकारी ऐन २०७४ अनुसार तयार गरिएको र सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा २०७६ अनुरुप तयार गरिएको छैन ।

२. सहकारी संस्थाका मुख्य कार्यालय तथा सेवा केन्द्रहरु र लघुवित्त कार्यक्रम अन्तरगतका वित्तिय विवरणहरुलाई एकीकृत गरी प्रस्तुत गरिएको छ ।

३. संस्थाले कोभिड प्रभावित चैत्र देखि असार सम्मको तिर्न पर्ने ब्याजमा रु.७,३६८,२०३।०० ग्राहक सदस्य लाई छुट दिईएको छ ।

४. गत बर्षका अंकहरु आवश्यकता अनुसार पुनर्गठन/पुनः बर्गिकरण गरिएको छ ।

# संस्थाले विगत ५ बर्षमा हासिल गरेका मुख्य उपलब्धिहरू

## तालिका १: कार्यक्रम विस्तार

| विवरण | इकाई | आर्थिक वर्ष अनुसारको प्रगती | | | | |
|---|---|---|---|---|---|---|
| | | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| कुल कार्यालय संख्या | | १६ | १७ | १९ | २२ | २२ |
| कुल कर्मचारी संख्या | संख्या | १२८ | १७३ | २१० | १९७ | १९२ |
| पुरुष कर्मचारी | संख्या | ७५ | ८९ | १०९ | १०१ | ९८ |
| महिला कर्मचारी | संख्या | ५३ | ८४ | १०१ | ९६ | ९४ |
| सेवा विस्तार | | | | | | |
| कार्यक्रम पुगेको जिल्ला | संख्या | ३ | ४ | ४ | ४ | ४ |
| कार्यक्रम पुगेको नगरपालिका | संख्या | ४ | ८ | १४ | १४ | १५ |
| कार्यक्रम पुगेको गा.वि.स./ गा.पा. | संख्या | ८७ | ८५ | १७ | १७ | २२ |
| कुल केन्द्र संख्या | संख्या | १३०४ | १३८३ | १५५७ | १७६८ | १७९४ |
| कुल समुह संख्या | संख्या | ५९०१ | ५९८७ | ६४३३ | ७१५८ | ७२८० |
| कुल सदस्य संख्या | संख्या | ३४२३८ | ३६१६६ | ४१७३५ | ५०५६३ | ५२३३३ |
| पुरुष सदस्य | संख्या | ३८५१ | ४६४२ | ६२७० | ९३७१ | ११०५८ |
| महिला सदस्य | संख्या | ३०३८७ | ३१५२४ | ३५४६५ | ४११९२ | ४१२७५ |
| कुल ऋणी सदस्य संख्या | संख्या | १८०९९ | १७६६८ | १६४९२ | १८६२९ | १७७५१ |

## तालिका २: वासलात

| विवरण | इकाई | आर्थिक वर्ष अनुसारको प्रगती | | | | |
|---|---|---|---|---|---|---|
| | | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| **पूँजी तथा दायित्व** | | | | | | |
| शेयर पूँजी | रु.'००० | ४७,९६७ | ६१,४६८ | ७९,९८८ | १४९,४९० | १८५,६३२ |
| जगेडा कोष | रु.'००० | १२,२९७ | १७,३०४ | २२,५४४ | ३०,१८२ | ३७,२१४ |
| अनिवार्य कोषहरु | रु.'००० | २१,४२२ | २४,०७६ | २१,५७९ | २३,०३३ | ३३,४२७ |
| बाह्य ऋण | रु.'००० | २९८,१८१ | २६०,१३० | ३०६,७९५ | ६८८,७१४ | ६६८,९०३ |
| बचत (निक्षेप) | रु.'००० | २७२,१३९ | ३८३,५३१ | ५२८,६९१ | ७११,८५० | ८३३,५१७ |
| तिर्नुपर्ने,अन्यकोष तथा व्यवस्थाहरु | रु.'००० | ६१,४१७ | ७३,६३४ | ९६,७९५ | १३३,८०० | १६८,९०६ |
| ऋण नोक्सानी कोष | रु.'००० | ११,८७३ | १४,४८२ | १३,६३२ | २१,५११ | २८,३२९ |
| मूलतबी व्याज हिसाब | रु.'००० | २,६८० | ३,०५९ | ४,०९७ | १०,९५९ | ३१,८७७ |
| जम्मा | रु.'००० | ७२७,९७७ | ८३७,६८३ | १,०७४,१२१ | १,७६९,५३९ | १,९८७,८०५ |
| **सम्पत्ती तथा जायजेथा** | | | | | | |
| नगद मौज्दात | रु.'००० | २७० | ४३८ | १,२९२ | ६५७ | १,२६४ |
| बैंक मौज्दात | रु.'००० | ५३,१२८ | १२१,५३५ | १३७,२६८ | १४७,२०० | १९७,६३३ |
| पाउनुपर्ने, धरौटी तथा सापटी | रु.'००० | ५,७८४ | १२,९१६ | १२,०७० | २२,३१९ | ५१,५०० |
| ऋण लगानी | रु.'००० | ६३९,८३५ | ६६६,३०८ | ८६५,८५२ | १,५००,६६४ | १,६०५,४९० |
| मौज्दात | रु.'००० | ४५६ | १,०४८ | ८६८ | १,२५७ | १,३६३ |
| लगानी | रु.'००० | १,११८ | ५६६ | ३,५६६ | ४,५६६ | ९,०१९ |
| स्थिर सम्पती | रु.'००० | २७,३८६ | ३४,८७३ | ५३,२०६ | ९२,८७५ | १२१,५३५ |
| जम्मा | रु.'००० | ७२७,९७७ | ८३७,६८३ | १,०७४,१२१ | १,७६९,५३९ | १,९८७,८०५ |

## तालिका ३: नाफा-नोक्सान हिसाब

| विवरण | इकाई | आर्थिक वर्ष अनुसारको प्रगती | | | | |
|---|---|---|---|---|---|---|
| | | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| ऋणमा ब्याज आम्दानी | रु.'००० | १०१,४६२ | १२५,२५९ | १३५,७०५ | २३२,१२९ | २६२,६६४ |
| अन्य ब्याज आम्दानी | रु.'००० | २,१०८ | ४,५४८ | ३,७०३ | ३,३३९ | ७,९४८ |
| जम्मा ब्याज आम्दानी | रु.'००० | १०३,५७० | १२९,८०६ | १३९,४०८ | २३५,४६९ | २७०,६११ |
| बचतमा ब्याज खर्च | | १८,९४८ | २६,१०२ | ३६,५६४ | ५१,०४९ | ६६,१७० |
| ऋणमा ब्याज खर्च | रु.'००० | २०,२६३ | २७,६०६ | ३०,७८१ | ७७,३३५ | ८५,८५० |
| जम्मा ब्याज खर्च | रु.'००० | ३९,२११ | ५३,७०७ | ६७,३४५ | १२८,३८४ | १५२,०२० |
| खुद ब्याज आम्दानी (क) | रु.'००० | ६४,३५९ | ७६,०९९ | ७२,०६४ | १०७,०८५ | ११८,५९१ |
| डेरी उत्पादन विक्रि | रु.'००० | | ५,०५६ | ८,९३४ | १२,३०३ | ९,९८९ |
| डेरी उत्पादन लागत | रु.'००० | | ४,०९४ | ६,९६१ | ९,९६३ | ८,१४२ |
| कुल डेरी आम्दनी (ख) | रु.'००० | | ९६२ | १,९७३ | २,३४० | १,८४७ |
| अन्य संचालन आम्दानी (ग) | रु.'००० | १५,४४२ | २०,४६५ | ३२,००७ | २९,९५७ | २१,०६७ |
| जम्मा आम्दानी (क+ख+ग) | रु.'००० | ७९,८०१ | ९७,५२६ | १०६,०४४ | १३९,३८१ | १४१,५०५ |
| कर्मचारी खर्च | रु.'००० | ३०,५८२ | ४०,८०५ | ५३,९०१ | ७०,१५४ | ७६,६५३ |
| संचालन तथा प्रशासनिक खर्च | रु.'००० | १९,२४० | २९,८७१ | २६,४२३ | २७,५६४ | २६,०४३ |
| ह्रासकट्टी तथा अपलेखन खर्च | रु.'००० | | | | ४,१११ | ४,४५५ |
| जम्मा प्रशासनिक खर्च | रु.'००० | ४९,८२२ | ७०,६७६ | ८०,३२४ | १०१,८२९ | १०७,१५० |
| ऋण नोक्सानी कोष खर्च अघिको नाफा | रु.'००० | २९,९७९ | २६,८५० | २५,७२० | ३७,५५३ | ३४,३५५ |
| ऋण नोक्सानी कोष खर्च | रु.'००० | ७,४०५ | ६,०८७ | ३,१२८ | ८,१०६ | ७,०७३ |
| जम्मा संचालन नाफा | रु.'००० | २२,५७४ | २०,७६३ | २२,५९२ | २९,४४६ | २७,२८२ |
| गैर संचालन आम्दानी तथा खर्च | रु.'००० | | | | | ९१३ |
| गैर संचालन आम्दानी | रु.'००० | १ | १ | १ | ९१ | ९१३ |
| खुद नाफा | रु.'००० | २२,५७५ | २०,७६४ | २२,५९३ | २९,५३७ | २८,१९४ |
| कर्मचारी बोनस व्यवस्था | रु.'००० | २,०५२ | १,८८८ | २,०५४ | २,६८५ | २,५६३ |
| गत बर्षसम्मको संचित नोक्सान | रु.'००० | | | | | |
| कर अघिको नाफा रकम | रु.'००० | २०,५२३ | १८,८७६ | २०,५३९ | २६,८५२ | २५,६३१ |
| आयकर व्यवस्था २०५ | रु.'००० | ४,१०५ | ३,७७५ | ४,१०८ | ५,३६२ | १,५१२ |
| आयकर पछिको खुद नाफा | रु.'००० | १६,४१८ | १५,१०१ | १६,४३२ | २१,४९० | २४,११९ |
| साधारण जगेडा कोषमा सारेको रकम २५५ | रु.'००० | ४,१०५ | ३,७७५ | ४,१०८ | ५,३७२ | ६,०३० |
| बाडफाडको लागि उपलब्ध नाफा | रु.'००० | १२,३१४ | ११,३२६ | १२,३२४ | १६,११७ | १८,०८९ |
| बाडफाड (विनियम अनुसार) | रु.'००० | १२,३१४ | ११,३२६ | १२,३२४ | १६,११७ | १८,०८९ |
| खुद नाफा वासलातमा सारेको | रु.'००० | | | | | |

## सदस्यता विस्तार :

संस्थाले पछिल्लो एक दशकमा आफ्नो सदस्य विस्तारको कार्यलाई उल्लेख्य रुपमा अघि बढाएको पाईन्छ जसमा सुर्खेत, दैलेख, जाजरकोट र जुम्ला जिल्ला गरी निम्न बमोजिम रहेको पाईन्छ ।

### सदस्य वृद्धि तालिका




| | २०६७–०६८ | २०६८–०६९ | २०६९–०७० | २०७०–०७१ | २०७१–०७२ | २०७२–०७३ | २०७३–०७४ | २०७४–०७५ | २०७५–०७६ | २०७६–०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सदस्य | ११,९२८ | १३,७०९ | १६,५७८ | २५,९१६ | ३१,२९० | ३४,२३८ | ३६,१६६ | ४१,७३५ | ५०,५६३ | ५२,३३३ |

संस्थाको कुल कार्यक्षेत्र भित्र जिल्लागत हिसाबले कुल सदस्यको ६८ प्रतिशत सुर्खेत जिल्लामा, २१ प्रतिशत दैलेख जिल्ला, ८ प्रतिशत जाजरकोट र ३ प्रतिशत जुम्ला जिल्लामा सदस्यहरु रहेका छन ।

### जिल्ला अनुसार सदस्य विवरण



## सदस्यको सेयर लगानी विश्लेषण :

सहकारी संस्थाको मुख्य मेरुदण्डको भनेको संस्थाका सेयर सदस्यहरुले संस्थामा लगानी गरेको सेयर रकम हो। संस्थाको विगत एक दशकको सेयर विश्लेषण गर्दा निम्न बमोजिम उपलब्धि हासिल गर्न सफल भएको छ।

### शेयर वृद्धि




| | २०६७-०६८ | २०६८-०६९ | २०६९-०७० | २०७०-०७१ | २०७१-०७२ | २०७२-०७३ | २०७३-०७४ | २०७४-०७५ | २०७५-०७६ | २०७६-०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शेयर रकम | ३,४४१ | १०,००० | १०,६४३ | १२,८१८ | २८,५११ | ४७,९६७ | ६१,४६८ | ७९,९८८ | १४९,४९० | १८५,६३२ |

### वार्षिक शेयर वृद्धि




| | २०६७-०६८ | २०६८-०६९ | २०६९-०७० | २०७०-०७१ | २०७१-०७२ | २०७२-०७३ | २०७३-०७४ | २०७४-०७५ | २०७५-०७६ | २०७६-०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शेयर रकम | १,१७८ | ६,५५९ | ६४३ | २,१७५ | १५,६९३ | १९,४५७ | १३,५०१ | १८,५२० | ६९,५०२ | ३६,१४३ |

## बचत कारोबार विश्लेषण :

स्थानीय स्तरमा छरीएर रहेको बचतलाई संकलन गरी उत्पादन मुलक क्षेत्रमा लगानीका लागि पुजी निमार्ण गर्नु संस्थाको मुख्य उद्देश्य रहेको छ । पछिल्लो एक दशकमा संस्थामा सदस्यहरुको बचत उल्लेख्य रुपमा बृद्धि भएको पाईन्छ । जो निम्न बमोजिम रहेको छ ।




| | २०६७-०६८ | २०६८-०६९ | २०६९-०७० | २०७०-०७१ | २०७१-०७२ | २०७२-०७३ | २०७३-०७४ | २०७४-०७५ | २०७५-०७६ | २०७६-०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शेयर रकम | ४८,८२७,९१४ | ७१,३७४,७६७ | ९६,२११,३२९ | १३३,०४१,३८६ | १८५,८१८,३३ | २७२,१३८,६२७ | ३८३,५३१,२३३ | ५२८,६९०,६९१ | ७११,८४९,५६७ | ८३३,५१७,०७९ |




| | २०६७-०६८ | २०६८-०६९ | २०६९-०७० | २०७०-०७१ | २०७१-०७२ | २०७२-०७३ | २०७३-०७४ | २०७४-०७५ | २०७५-०७६ | २०७६-०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बचत रकम | ९,२१६ | २२,५४७ | २४,८३७ | ३६,८३० | ५२,७७७ | ८६,३२० | १११,३९३ | १४५,१५९ | १८३,१५९ | १२१,६६८ |

## ऋण कारोबारको विश्लेषण :

संस्थाले स्थानिय तहमा  धितो तथा लघुवित्त कार्यक्रमको बिना धितो कर्जा प्रवाह गरी कृषि, पशुपालन, साना व्यापार व्यावसाय, तथा लघुउद्यमशिलतामा उल्लेख्निय उपलब्धि हासिल गर्न सफल भएको छ। संस्थाले विगत एक दशकमा ऋण कारोबारमा हासिल गरेको उपलब्धिहरु निम्न बमोजिम रहेको छ।

### संस्थाको कुल कर्जा वृद्धि




| | २०६७-०६८ | २०६८-०६९ | २०६९-०७० | २०७०-०७१ | २०७१-०७२ | २०७२-०७३ | २०७३-०७४ | २०७४-०७५ | २०७५-०७६ | २०७६-०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्जा रकम | ६८,७४४ | १०९,५५० | १७२,०१८ | २६६,८६१ | ३९२,१८७ | ६३९,८३५ | ६६६,३०८ | ८६५,८५२ | १,५००,६६४ | १,६०५,४९० |

### वार्षिक कर्जा वृद्धि




| | २०६७-०६८ | २०६८-०६९ | २०६९-०७० | २०७०-०७१ | २०७१-०७२ | २०७२-०७३ | २०७३-०७४ | २०७४-०७५ | २०७५-०७६ | २०७६-०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्जा रकम | १८,६०१ | ४०,८०६ | ६२,४६८ | ९४,८४३ | १२५,३२६ | २४७,६४७ | २६,४७३ | १९९,५४४ | ६३४,८१३ | १०४,८२६ |

# संस्थाको प्रमुख कर्मचारीहरूको प्रोफाईल



## श्री बिशाल के.सी. प्रमुख कार्यकारी अधिकृत

श्री बिशाल के.सी., ३८, बि.स. २०५९ साल चैत्र देखि यस संस्थाको सहकारी तर्फको बचत संकलन केन्द्रमा संकलन केन्द्र प्रमुखका रुपमा सेवा प्रवेश गर्नुभएका के.सी. हाल यस संस्थाको केन्द्रिय कार्यालयमा प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत हुनुहुन्छ । उहाँ हाल जिल्ला सहकारी संघ सुर्खेतको संचालक समितिमा सचिव तथा सुर्खेत जिल्लामा स्थापित कर्णाली राइडर्स नामक सामाजिक संस्थाको अध्यक्ष पदमा समेत कार्यरत हुनुहुन्छ । बि.सं २०६३ सालमा यस सहकारी संस्थाले लघुवित्त कार्यक्रम संचालन गर्दा उक्त कार्यक्रमको प्रमुखका रुपमा उहाँलाई नेतृत्व तथा विकास गर्ने सम्पुर्ण जिम्मेवारी प्रदान गरीएको थियो । सोहि कार्यक्रमको शुरुवात पश्चात यस संस्थाले कारोबार एवं सदस्यसंख्यामा निकै नै ठूलो फड्को मार्न सफल भएको थियो, यस सहकारी संस्थामा संकलन केन्द्र प्रमुख, शाखा प्रबन्धक, लघुवित्त प्रमुख, वरिष्ठ प्रबन्धक र हाल कार्यकारी प्रमुख जस्तो पदिय जिम्मेवारी सम्हाल्नु भएका के.सी. एक शुरुदेखि नै एक सफल योजनाकार, दुरदर्शी एवं कुशल नेतृत्वकर्ता भएका कारण आज यस सहकारी संस्थाले यस क्षेत्रको सहकारी अभियानमा एक उचाई हासिल गर्न सफल भएको छ । वाणिज्य शास्त्रमा स्नातकतहसम्म अध्ययन गर्दै, अर्थशास्त्र बिषयमा स्नाकोत्तर तहको अध्ययन गर्नुभएको के.सी.ले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्याती प्राप्त संस्थाहरुले आयोजना गरेको विभिन्न तालिम, गोष्ठि कार्यक्रमहरुमा सफलतापुर्वक सहभागी हुनुको साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय लघुवित्त संघ संस्थाहरुको अध्ययन अवलोकन भ्रमण गर्नुभएको छ । अन्तरराष्ट्रिय स्तरका संस्थाहरुको तालिम तथा अध्ययनको क्रममा उहाँले भारत, बंगलादेश, श्रीलङ्का, थाईल्याण्ड, फिलिपिन्स, ओमान, जर्मनी, नेदरल्याण्ड, बेल्जियम, फ्रान्स, स्वीटजरल्याण्ड लगायतका देशहरुमा भ्रमण गर्नुभएको छ । सो क्रममा उहाँले भारतको राजस्थानमा रहेको National Institute of Agriculture Marketing (NIAM), थाईल्याण्डको बैंककमा रहेको Asian Institute of Technology (AIT), जर्मनीको फ्रयाङ्कफ्रटमा रहेको Frankfurt School of Finance & Management जस्ता अन्तराष्ट्रिय रुपमा बहुप्रतिष्ठित विश्वविद्यालयहरुमा लघुवित्त व्यवस्थापन तथा कृषि बजार व्यवस्थापन र मुल्य श्रृखला सम्बन्धमा बिशेष तालिम प्राप्त गर्नुभएको छ । सहकारीको माध्ययमबाट यस क्षेत्रमा व्याप्त रहेको गरीबीलाई हटाई, एक समुन्नत समाजको निमार्ण गर्ने आफ्नो जिवनको मुख्य लक्ष्य बनाउनु भएका के.सी.ले सहकारी संस्थाको मुख्य प्रशिक्षकको रुपमा विभिन्न तालिम तथा कार्यक्रमहरु समेत संचालन गर्दै आउनुभएको छ । साथै विभिन्न सहकारी तथा लघुवित्त वित्तिय संस्थाहरुमा तालिम प्रशिक्षणको क्रममा श्रोत व्यक्तिको रुपमा प्रस्तुत भई उक्त कार्यक्रमहरुमा सहभागी संचालक, कर्मचारी तथा सदस्यहरुलाई सहकारी संस्था संचालन, व्यवस्थापन तथा लघुवित्त कार्यक्रम सम्बन्धि विविध बिषयहरुमा तालिम प्रदान गर्दै यस क्षेत्रका अन्य संघ संस्थाहरुको समेत क्षमता अभिबृद्धि गराउन धेरै सहयोग गर्नुभएको छ । उहाँले विभिन्न राष्ट्रिय स्तरका लघुवित्त सम्बन्धि तालिम, गोष्ठि, सभा सम्मेलनहरुमा वक्ता, प्यानलिष्ट श्रोत व्यक्तिको रुपमा प्रस्तुतहुदै यस क्षेत्रसंग सम्बन्धित विभिन्न बिषयहरुमा कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको छ ।



## श्री अशोक चौधरी मुख्य प्रबन्धक, (केन्द्रिय कार्यालय)

श्री अशोक चौधरी, ४३, बि.सं. २०६० साल पौष देखि यस संस्थाको सहकारी तर्फबाट सेवा प्रवेश गर्नुभएका चौधरी हाल यस संस्थाको केन्द्रिय कार्यालयमा मुख्य प्रबन्धक को रुपमा कार्यरत हुनुहुन्छ । शुरुवातमा संस्थाको सहकारी तर्फको सहलेखापालको रुपमा सहकारीमा आफ्नो यात्रा शुरु गर्नुभएको चौधरीले २०६३ जेष्ठ ४ गते देखि शुरु गरेको बौद्ध लघुबित्त कार्यक्रममा फिल्ड सहायक हुँदै २०६५ मंसिर मसान्त सम्म बरिष्ठ फिल्ड सहायक पदमा र २०६५ पौष मसान्त देखि शाखा कार्यालय मैनतडामा उपशाखा प्रबन्धक को रुपमा कार्य गर्दै संस्थाको विभिन्न शाखा तथा उपशाखा कार्यालय संचालन गर्ने प्रमुख जिम्मेवारी बहन गर्दै २०६६ साउन मसान्तदेखि २०७६ असार मसान्त सम्मशाखा प्रबन्धक को रुपमा कार्य गर्दै आउनुभएको र २०७६ श्रावण गते देखि मुख्य प्रबन्धकको रुपमा केन्द्रिय कार्यालयमा कार्यरत रहनु भएको छ । अर्थशास्त्र बिषयमा स्नातक तहको अध्ययन गर्नुभएको चौधरीले बिभिन्न राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेको बिभिन्न तालिम गोष्ठी कार्यक्रमहरुमा सफलता पुर्बक सहभागी हुनुभएको साथै बिभिन्न राष्ट्रिय स्तरको लघुबित्त संघ संस्थाको अवलोकन भ्रमण गर्नुभएको छ । अन्तरराष्ट्रिय स्तरका संस्थाहरुको तालिम तथा अध्ययनको क्रममा उहाँले बगलादेश स्थित ग्रामीण बैक, आई.डि.एफ, आशा, जस्ता ठुला लघुवित्त संस्थाहरुको अवलोकन गर्नुभएको छ । यस संस्थाले आयोजना गर्ने तालिम तथा गोष्ठि कार्यक्रमहरुमा प्रशिक्षकको रुपमा समेत उहाँले प्रशिक्षण दिदै आउनुभएको र संस्थामा बाहिरका संस्थाहरुबाट प्रशिक्षण लिन आउने संचालक, कर्मचारी तथा सदस्यहरुलाई समेत संस्था संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम दिने गर्नुभएको छ ।



**श्री धन बहादुर शाही** **मुख्य प्रबन्धक , (ईलाका कार्यालय, कर्णाली)**

श्री धन बहादुर शाही, ३७, वि.सं.२०६३ साल कार्तिक देखी संस्थाको लघुवित्त कार्यक्रममा फिल्ड सहायकको रुपमा सेवा प्रवेश गर्नुभएको वि.स. २०६५ सालमा उपशाखा प्रबन्धक पदमा नियूक्त हुदै वि.सं २०६६ देखी २०७६ असार मसान्तसम्ममा शाखा प्रबन्धक पदमा रहि विभिन्न शाखा तथा उपशाखा कार्यालय संचालन गर्ने जिम्मेवारी प्राप्त गर्दै आउनु भएको थियो । २०७६ श्रावण देखि मुख्य प्रबन्धक पदमा पदोन्नती प्राप्त गरी ईलाका कार्यालय कर्णालीको प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ । उहाँले हाल यस संस्थाको ९ वटा शाखा कार्यालयहरु संचालन व्यवस्थापन मिलाउने प्रमुख जिम्मेवारी बहन गर्नुभएको छ । शिक्षा संकायमा स्नातक तहमा अध्ययनरत शाहिले संस्थामा काम गर्ने क्रममा विभिन्न राष्ट्रिय स्तरका ख्याती प्राप्त संस्थाहरुको अध्ययन अवलोकन तथा राष्ट्रिय स्तरका तालिम तथा गोष्ठिहरुमा सहभागिता जनाउनु भएको छ ।



**श्री डम्बर बिश्वकर्मा** **मुख्य प्रबन्धक, ईलाका कार्यालय- भेरी**

श्री डम्बर विश्वकर्मा, ४०, वि.सं. २०६४ साल देखी यस संस्थाको लघुवित्त कार्यक्रममा फिल्ड सहायकको रुपमा सेवा प्रवेश गर्नुभएका विश्वकर्मा हाल यस संस्थाको ईलाका कार्यालय भेरीको प्रमुखका रुपमा कार्यरत हुनुहुन्छ । संस्थामा वरिष्ठ फिल्डसहायक, लेखापाल, उपशाखा प्रबन्धक पदमा कार्यगदै २०६८ सालदेखी २०७६ असारसम्म शाखा प्रवन्धक पदमा रहि संस्थाको विभिन्न शाखा तथा उपशाखा कार्यालयमा कार्यालय प्रमुखको रुपमा जिम्मेवारी बहन गर्दै २०७६ श्रावण देखि मुख्य प्रबन्धक पदमा बढुवा भई ईलाका कार्यालय भेरीको प्रमुखका रुपमा जिम्मेवारी प्राप्त गर्नुभएको छ । शिक्षा संकायमा स्नातक तहमा अध्ययनरत रहनुभएको विश्वकर्माले बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका ख्याती प्राप्त संस्थाहरुले आयोजना गरेको विभिन्न तालिम तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमहरुमा सफलतापुर्वक सहभागीता जनाउनु भएको छ । र अन्तरराष्ट्रिय स्तरका संस्थाहरुको तालिम तथा अध्ययनको क्रममा उहाँले भारत, थाईल्याण्ड, श्रीलंका लगाएतका देशहरुको भ्रमण गर्नुभएको छ । यस संस्थाले आयोजना गर्ने तालिम तथा गोष्ठि कार्यक्रमहरुमा प्रशिक्षकको रुपमा समेत उहाँले प्रशिक्षण दिदै आउनुभएको र संस्थामा बाहिरका संस्थाहरुबाट प्रशिक्षण लिन आउने संचालक, कर्मचारी तथा सदस्यहरुलाई समेत संस्था संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम दिने गर्नुभएको छ ।



**श्री सरोज विष्ट, प्रबन्धक (सहकारी कार्यालय)**

श्री सरोज विष्ट, ३३, वि.स. २०६५ साल असोज देखि यस सहकारी संस्थाको सेवामा प्रवेश गर्नुभएको विष्ट हाल यस संस्थाको सहकारी तर्फ प्रबन्धकको रुपमा कार्यरत हुनुहुन्छ । सेवा सुरुवातको क्रममा संस्थाको बौद्ध लघुवित्त कार्यक्रमतर्फ २०६५ असोजमा फिल्ड सहायकको रुपमा आफनो यात्रा शुरु गर्नुभएको विष्ट ले २०६८ कार्तिकदेखि यस संस्थाको सहकारी कार्यालयमा प्रबन्धकको रुपमा कार्य गर्दै आईरहनु भएको छ । नेपाली विषयमा स्नातक तहको अध्ययन गर्नु भएको विष्टले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका ख्याती प्राप्त संस्थाहरुले आयोजना गरेको विभिन्न तालिम तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमहरुमा सफलतापुर्वक सहभागीता जनाउनु भएको छ । र अन्तरराष्ट्रिय स्तरका संस्थाहरुको तालिम तथा अध्ययनको क्रममा उहाँले भारत, थाईल्याण्ड, श्रीलंका लगाएतका देशहरुको भ्रमण गर्नुभएको छ । यस संस्थाले आयोजना गर्ने तालिम तथा गोष्ठि कार्यक्रमहरुमा प्रशिक्षकको रुपमा समेत उहाँले प्रशिक्षण दिदै आउनुभएको र संस्थामा बाहिरका संस्थाहरुबाट प्रशिक्षण लिन आउने संचालक, कर्मचारी तथा सदस्यहरुलाई समेत संस्था संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम दिने गर्नुभएको छ ।



**श्री रामु सुवेदी, प्रबन्धक (आन्तरिक लेखा परिक्षण विभाग)**

श्री रामु सुवेदी, ३८ बि.स.२०७० साल भाद्र देखी यस संस्थाको सेवामा प्रवेश गर्नुभएको सुवेदी, यस संस्थाको केन्द्रिय कार्यालयमा रहेको आन्तरीक लेखा परीक्षण विभागमा प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ । व्यवस्थापन बिषयमा स्नातकोत्तर तह सम्मको अध्ययन गर्नु भएका सुवेदीले सहकारी संस्था संचालन तथा व्यवस्थापन तालिम, सहकारी शिक्षा तालिम, लघुवित्त व्यवस्थापन तालिम, आन्तरिक लेखापरिक्षण तालिम, वित्तिय विश्लेषण तालिम तथा अन्तराष्ट्रिय स्तरको तालिम तथा भ्रमणको क्रममा बंगलादेशमा अवस्थित ग्रामीण बैंक, आशा, तथा आईडिएफ जस्ता संस्था लगाएत राष्ट्रिय स्तरका विभिन्न संस्थाहरुको अध्ययन अवलोकन भ्रमणमा सफलता पुर्वक सहभागी हुनु भएकोछ । यस संस्थाले आयोजना गर्ने तालिम तथा गोष्ठि कार्यक्रमहरुमा प्रशिक्षकको रुपमा समेत उहाँले प्रशिक्षण दिदै आउनुभएको र संस्थामा बाहिरका संस्थाहरुबाट प्रशिक्षण लिन आउने संचालक, कर्मचारी तथा सदस्यहरुलाई समेत संस्था संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम दिने गर्नुभएको छ ।



### श्री हरि प्रसाद कँडेल प्रबन्धक, शाखा कार्यालय सुन्दरनगर

श्री हरि प्रसाद कँडेल, ४१, वि.सं. २०६३ मंसीर देखी यस संस्थाको सेवामा प्रवेश गर्नुभएका कडेलले उक्त मिति देखि फिल्ड सहायक पदबाट सेवा प्रवेश गर्नुभएका कडेलले २०६८।०३।०१ गते देखी शाखा प्रबन्धक पदमा कार्य गर्दै, २०७६ श्रावण देखि प्रबन्धक पदमा रहि हाल शाखा कार्यालय सुन्दरनगरमा प्रमुखको रुपमा कार्यरत रहनुभएको छ । उहाँले यस संस्थाको लघुबित्त सम्बन्धी करिव १४ बर्ष को लामो अनुभव हासिल गर्नुभएको छ । जनसंख्या बिषयमा स्नातक गर्नु भएका कँडेलले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ ।



### श्री धन बहादुर खत्री प्रवन्धक, शाखा कार्यालय, लाटिकोईली

श्री धन बहादुर खत्री, ४५, बि.सं. २०६५ कार्तिक देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएका खत्री हाल यस संस्थाको शाखा कार्यालय, खलंगा, लाटिकोईलीमा प्रबन्धकको रुपमा कार्यरत हनुहुन्छ । शिक्षा शास्त्रमा शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययन गर्नू भएका खत्रीले यस संस्थामा आवद्धताको सुरुवात २०६५ कार्तिक देखि लघुवित्त कार्यक्रमको फिल्ड सहायक पदबाट कार्य थालनी गर्नुभएको र पछि बिभिन्न तहको जिम्मेवारी बहन गर्दै निजले बि.स. २०६९ माघ देखि २०७४ असोज मसान्तसम्म उपशाखा प्रबन्धक, बि.सं. २०७४ कार्तिक देखि शाखा प्रबन्धक पदमा रही कार्यगर्दै २०७६ श्रावणदेखि प्रबन्धक पदमा कार्यरत रहनुभएको छ । खत्रीले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ ।



### श्री टेकेन्द्र सापकोटा शाखा प्रबन्धक, शाखा कार्यालय बावियाचौर

श्री टेकेन्द्र सापकोटा, ३१, बि.सं. २०६५ कार्तिक देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएका सापकोटा हाल यस संस्थाको शाखा कार्यालय बावियाचौरमा शाखा प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ। संस्थामा आबद्धताको शुरुवातमा संस्थाको लघुवित्त बि.स.२०६५ साल कार्तिक फिल्ड सहायक पद बाट सेवा शुभारम्भ गर्नुभएको सापकोटा ले बि.स.२०६९ असोज देखि संस्थाको आन्तरीक लेखा परिक्षक पदमा कार्य गरी बि.स.२०७० साल श्रावण १ गते देखि संस्थाको उप-शाखा प्रबन्धकको रुपमा कार्यगर्दै २०७६ श्रावण देखि शाखा प्रबन्धक पदमा कार्यरत रहनुभएको छ । शिक्षा शास्त्रमा गणितमा १० जोड २ तहको अध्ययन गर्नु भएको सापकोटाले हाल जनसंख्या तथा ग्रामीण बिकास बिषयमा बि.ए.,बि.एड अध्ययनरत हुनुहुन्छ। सापकोटाले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ।



### श्री डिल बहादुर घर्ती शाखा प्रबन्धक, शाखा कार्यालय राकम

श्री डिल बहादुर घर्ती, ४१, मिति २०६६ सालदेखि संस्थाको सेवामा प्रवेश गर्नुभएको घर्ती हाल यस संस्थाको शाखा कार्यालय राकममा शाखा प्रबन्धकको रुपमा कार्यरत हुनुहुन्छ। संस्थामा सेवा प्रवेश गर्दा फिल्ड सहायक पदमा जिम्मेवारी हासिल गरी २०७१ असार देखि उपशाखा प्रबन्धक पदमा कार्य गर्दै २०७६ श्रावण देखि शाखा प्रबन्धक पदमा कार्य गरीरहनु भएको छ। शिक्षा संकायमा स्नाकोत्तर अध्ययनरत घर्तीले बिभिन्न बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ।



### श्री पदम बहादुर चौधरी शाखा प्रवन्धक, शाखा कार्यालय चुप्रा

श्री पदम बहादुर चौधरी, ३३, वि.सं. २०६५ साल देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएका चौधरी यस संस्थाको शाखा कार्यालय जाजरकोटमा शाखा प्रबन्धकको रुपमा कार्यरत हुनुहुन्छ। संस्थामा आवद्धहुदा फिल्ड सहायकको रुपमा कार्य गर्न शुरु गर्नुभएको चौधरीले यस संस्थाका विभिन्न शाखा तथा उपशाखा कार्यालयहरुमा विभिन्न तहमा कार्य अनुभव गरी वि.सं. २०७१ असार महिना देखि उपशाखा प्रवन्धक हुदै २०७६ श्रावण देखि शाखा प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ । जनसंख्या बिषयमा निजले स्नाकोत्तर तहमा अध्ययनरत चौधरीले विभिन्न राष्ट्रिय ख्याती प्राप्त संस्थाहरुले आयोजना गरेको तालिम तथा गोष्ठी कार्यक्रमहरुमा सफलता पुर्वक सहाभागी हुनुका साथै बिभिन्न लघुवित्त संघसंस्थाहरुको अध्यायन अवलोकन भ्रमण समेत गरिसक्नु भएको छ ।



**श्री बल बहादुर के.सी. शाखा प्रबन्धक , शाखा कर्यालय, मुलपानी**

श्री बल बहादुर के.सी. ३२, वि.स.२०६५ साल पौषदेखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएको के.सी. हाल उक्त संस्थाको शाखा कार्यालय मुलपानीमा शाखा प्रबन्धकको रुपमा कार्यरत हुनुहुन्छ। संस्थामा आवद्धताको सुरुवातमा प्र.फि.स.को रुपमा लाटिकोईली शाखाबाट लघुवित्तमा आफ्नो यात्रा शुरु गर्नुभएको के.सी.ले लाटिकोईली शाखामा करिव २ बर्ष,बावियाचौर शाखामा त्यस्तै २ बर्ष जति फिल्ड सहायकको रुपमा कार्य गर्नुभएको हो पछि अरु २ बर्ष केन्द्रीय कार्यालयमा लेखापालको रुपमा कार्य अनुभव पछि २०७१ सालमा उपशाखा प्रबन्धक पदमा संस्थाको डुङ्गेश्वर शाखा, मैनताडा शाखा हुदै हाल मुलपानी शाखामा शाखा प्रबन्धकको रुपमा कार्य गरिरहनु भएको छ, स्नातक तहमा अध्यनरत के.सी.ले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ।



**श्री फूल कुमारी चौधरी शाखा प्रबन्धक, शाखा कार्यालय छिन्चु**

श्री फूल कुमारी चौधरी, ३७, बि.स. २०६५ साल देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएको चौधरी हाल यस संस्थाको शाखा कार्यालय, छिन्चुमा शाखा प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ। संस्थामा आवद्धताको शुरुवातमा संस्थाको लघुवित्त तर्फको प्रशिक्षार्थी फिल्ड सहायकको रुपमा यस सस्थामा आफ्नो यात्रा शुरु गर्नु भएको चौधरी २०७३ साल श्रावण देखी उप–शाखा प्रबन्धक हुदै २०७६ श्रावण देखि शाखा प्रबन्धक पदमा कार्यरत रहनुभएको छ। ग्रामिण बिकास बिषयमा स्नातक तह सम्मको अध्ययन पुरा गनुभएको चौधरीले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ।



**श्री कृष्ण बहादुर पुन शाखा प्रबन्धक, शाखा कार्यालय मैनताडा**

श्री कृष्ण बहादुर पुन, ३१, वि.स.२०६५ चैत्र महिना देखी यस संस्थाको सेवामा प्रवेश गर्नुभएका पुन हाल शाखा कार्यालय मैनताडामा उपशाखा प्रबन्धकको रुपमा कार्य गर्दै आउनु भएको छ। सस्थामा आबद्धताको सुरुवातमा संस्थाको बौद्ध लघुवित्त कार्यक्रमको फिल्ड सहायक पदमा रही आफ्नो यात्रा शुरु गर्नु भएको पुन यस संस्थाको विभिन्न पदहरुमा जिम्मेवारी सम्हाल्दै वि.सं. २०७३ जेष्ठ महिना देखी उपशाखा प्रबन्धक हुदै २०७६ श्रावण देखि शाखा प्रबन्धकको रुपमा कार्यगर्दै आई रहनु भएको छ। शिक्षा संकायमा स्नातक तहको अध्ययन गर्नु भएको पुनले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ।



**श्री बसन्त उपाध्याय शाखा प्रबन्धक, शाखा कार्यालय-जुम्ला**

श्री बसन्त उपाध्याय, २९ , वि.सं. २०७१ साल देखी यस संस्थाको सेवामा प्रवेश गर्नुभएका उपाध्यय हाल यस संस्थाको शाखा कार्यालय जुम्लामा शाखा प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ। सेवा प्रवेश गर्दा फिल्ड सहायक पद बाट सेवा प्रवेश गर्नु भएका उपाध्यायले उपशाखा प्रबन्धक हुदै हाल २०७६ श्रावण देखि शाखा प्रबन्धकको जिम्मेवारी प्राप्त गर्नुभएको छ। व्यवस्थापन संकायमा स्नातक तह अध्ययनरत उपाध्यायले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ।



**श्री मिनराज पौडेल शाखा प्रबन्धक (शाखा कार्यालय चुप्रा)**

श्री मिनराज पौडेल,३८, बि.सं. २०७० साल बैसाख देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएको पौडेल हाल यस संस्थाको शाखा कार्यालय चुप्रामा कार्यरत हुनुहुन्छ। संस्थामा २०७० बैशाख देखी फिल्ड सहायक पदबाट सेवा शुरु गरेका पौडेलले विभिन्न जिम्मेवारीहरु बहन गर्दै २०७४ कार्तिक देखी उप-शाखा प्रबन्धक, २०७६ श्रावण देखि शाखा प्रबन्धकपदमा कार्य गर्दै आउनु भएको छ। स्नातक तहमा अध्ययन गर्नुका साथै सि.एम.ए. उतिर्ण गर्नुभएको पौडेलले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अर्न्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ।



### श्री जगत बहादुर जि सी शाखा प्रबन्धक, शाखा कार्यालय थलह जाजरकोट

श्री जगत बहादुर जि.सी., ३३, बि.स. २०७१ साल देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएको जि.सी. हाल यस संस्थाको शाखा कार्यालय थलह जाजरकोटमा कार्यरत हुनुहुन्छ । २०७१ पौष महिना देखि फिल्ड सहायक पदमा कार्य थालनी गर्नुभएको जि.सी.ले बि.स.२०७४ चैत्र देखि उपशाखा प्रबन्धक हुदै २०७६ श्रावण देखि शाखा प्रबन्धक पदमा आफ्नो जिम्मेवारी सम्हाल्दै आउनु भएको छ । शिक्षाशास्त्र संकाय अन्तर्गत गणीत बिषयमा स्नातक तह पुरा गनुभएका जि सी ले बि.सं.२०६५ देखी २०७१ सालसम्म करीब ५ बर्ष चिङ्गाड गाउपालीका-३ मा रहेको ने.रा.मा.बि. मा शिक्षण गर्नुभएको थियो । बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अन्र्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ ।



### श्री कर्ण बहादुर कार्की शाखा प्रबन्धक (शाखा कार्यालय, डुङ्गेश्वर)

श्री कर्ण बहादुर कार्की, २९, बि.सं. २०७१ जेष्ठ महिना देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएका कार्कि हाल यस संस्थाको शाखा कार्यालय नौमुलेमामा शाखा प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ। संस्थामा सेवा सुरु गर्द फिल्ड सहायक पदबाट सेवा प्रारम्भ गरी विभिन्न पदिय जिम्मेवारी बहन गर्दै २०७४ चैत्र उपशाखा प्रबन्धक तथा २०७६ श्रावण देखि शाखा प्रबन्धक पदमा कार्यरत हुनुहुन्छ । स्वास्थ्य बिषयमा वि.एड.तेस्रो बर्षमा अध्ययनरत कार्कीले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अन्र्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ ।



### श्री चित्र बहादुर वि.सी. शाखा प्रबन्धक (शाखा कार्यालय, बोटेचौर)

श्री चित्र बहादुर वि.सी, ३०, बि.सं. २०६८ श्रावण महिना देखि यस संस्थामा फिल्ड सहायकको रुपमा सेवामा प्रवेश गर्नुभएको वि.सी. विभिन्न शाखा तथा उप शाखा कार्यालयमा कार्यरत हुदै २०७३ साल पौष देखी शाखा प्रमुखको रुपमा जिम्मेवारी बहन गर्दै वि.स.२०७५ साल असोज देखी शाखा प्रबन्धक पदमा यस संस्थाको बोटेचौर शाखामा कार्यरत रहनुभएको छ। व्यवस्थापन संकायमा स्नातक तह अध्ययनरत वि.सी.ले सिटिईभिटीबाट जेसिटी कोर्ष पुरा गर्नु भएको छ। वि.सी ले विभिन्न ख्याती प्राप्त राष्ट्रीयस्तरका लघुवित्तसंस्थाहरुको अध्ययन अवलोकन गर्नुका साथै राष्ट्रिय स्तरमा आयोजना गरीएका लघुवित्त र सहकारी क्षेत्रको लेखा व्यावस्थापन, कार्यालय व्यावस्थापन, क्षमता अभिबृदी ,बजेट निमार्ण तालिममा सफलतापुर्वक सहभागीता जनाउनु भएको छ ।



### श्री पुर्ण बहादुर बम शाखा प्रबन्धक (दुल्लु)

श्री पुर्ण बहादुर बम, ३७, बि.सं. २०७० फागुन देखि यस संस्थाको सेवामा प्रवेश गर्नुभएको बम हाल यस संस्थाको शाखा कार्यालय दुल्लुमा कार्यरत हुनुहुन्छ। संस्थामा २०७० बैशाख देखी फिल्ड सहायक पदबाट सेवा शुरु गरेका बमले संस्थाको विभिन्न जिम्मेवारीहरु बहन गर्दै २०७३ फागुन १ उप-शाखा प्रबन्धक हुदै २०७६ श्रावण देखि शाखा प्रबन्धक पदमा कार्य गर्दै आउनु भएको छ। शिक्षं संकायमा स्नातक तह अध्ययनरत बमले बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थाहरुले आयोजना गरेका बिभिन्न तालिम गोष्ठि, सेमिनार, अन्र्तक्रिया कार्यक्रमहरुमा सफलतापूर्वक सहभागी हुनुको साथै बिभिन्न स्थानिय तथा राष्ट्रिय लघुबित्त संघसंस्थाहरुको अध्ययन अवलोकन गर्नु भएको छ ।

## संस्थाका विभिन्न गतिविधिहरू




१९ औं वार्षिक साधारण सभामा उपस्थित प्रतिनिधिका साथ संचालक समिति ।



कर्णाली प्रदेश सरकार अन्तरगत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिमला के.सी.ज्यु लाई मायाँको चिनो प्रदान गर्दै ।

# संस्थाका विभिन्न गतिविधिहरू :



बुद्ध सरोवर निर्माणका लागि सहयोग रकम हस्तान्तर गरिँदै ।



कर्णाली प्रदेश सरकारलाई कोरोना राहत रकम प्रदान गरिँदै ।



वि.न.न.पा.वडा नं. ९ लाई कोरोना रहत रकम प्रदान गरिँदै ।



सदस्यहरुको सिलाई कटाई तालिम समापन गरिँदै ।



कोरोना बन्दाबन्दीको बेला सदस्यहरुलाई राहत वितरण गरिँदै ।




वार्षिक कर्मचारी समिक्षा गोष्ठीको उद्घाटन सत्रको झलक ।



पानी उद्योगको भवन सिलान्यास गरिँदै ।



खुत्रुके बचत शुभारम्भ कार्यक्रम ।

# नेपालको नक्सामा संस्थाको कार्यक्षेत्र




■ कार्यक्षेत्र विस्तार गरिएको जिल्लाहरु

# हामीकहाँ उपलब्ध सेवाहरु

| बचत तर्फ | कर्जा तर्फ |
| --- | --- |
| दैनिक बचत | व्यापार/व्यवसाय कर्जा |
| मासिक बचत | हायरपर्चेज कर्जा |
| आवधिक बचत | कृषि/पशुपंछि पालन/उद्योग कर्जा |
| साधारण बचत | घर/जग्गा खरीद कर्जा |
| बाल बचत | लघुउद्यम कर्जा |
| जीवन सुरक्षा बचत | निक्षेप जमानत कर्जा |
| अन्य बचत खाताहरु | जीवन सुरक्षा कर्जा |

**साथै सम्पूर्ण रेमिट सुविधाहरु उपलब्ध छ ।**

IME International Money Express | Prabhu Money Transfer | himal remit | SAMSARA MONEY TRANSFER | CITY EXPRESS MONEY TRANSFER | WESTERN UNION मनी ट्रान्सफर | Best Remit quick & easy | CASHWAY MONEY TRANSFER


**बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.**
**Bauddha Grameen Multipurpose Co-operative Ltd.**

**केन्द्रीय कार्यालय**: बिरेन्द्रनगर-९, लाटिकोइली, सुर्खेत, नेपाल
फोन : ०८३-५२१९६९/५२५४२५, E-mail: info@bgmcl.com
Website: www.bgmcl.com